# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

शिक्षालाई सामान्य अर्थमा शिक्षा निकेतन,कर्मशील, जागरूक, स्वयम् उत्पादनशील मानव शक्ति तयार पार्ने सर्वोत्तम साधनको रूपमा लिइन्छ । मानव शक्ति बनाउने काम शिक्षाले गर्दछ । परम्परागत शिक्षालाई हेर्दा एक पुस्ताबाट अर्को पुस्तामा आफ्ना अनुभवहरू हस्तान्तरण गर्ने प्रक्रियाको रूपमा लिइन्छ । समयक्रम वित्दै जाँदा समाजको स्थापनासगैं शिक्षा लिने र दिने प्रक्रियामा पनि परिवर्तन हुँदै विद्यालयको आवश्यकता महसुस गरी शिक्षण संस्थाको स्थापना भएको इतिहास भेटिन्छ । विद्यालयमा विद्यार्थी भर्ना हुन, पढ्न र लेख्न पाउनु बालबालिकाको मौलकि अधिकार हो । त्यसैले गुणस्तरीय शिक्षाको लागि दक्ष अनुभवि शिक्षककहरूबाट अध्यापन गराइनु आवश्यक हुन्छ ।नेपाल सरकार शिक्षा मन्त्रालयले अनुभवि शिक्षक उत्पादन र शिक्षकको अभिरूचीमा अभिवृद्धिका लागि शिक्षक तालिमका साथै उत्प्रेरणा प्रविधिको व्यवस्था गर्दै आएको देखिन्छ । साथै शिक्षकको अभिरूचिमा अभिवृद्धिका लागि तालिमसँगै पुरस्कार, समय सापेक्ष तलव वृद्धि तथा विभिन्न मानपदवीहरू, विभुषणहरू शिक्षकलाई प्रशंसा पत्र  समेतको व्यवस्था भएको पाइन्छ (अधिकारी, २०७०) ।

शिक्षा देश विकासको पूर्वाधार हो । समय सापेक्ष गुणस्तरीय शिक्षाको प्रभावकारी प्रयोगले देशको आर्थिक तथा सामाजिक विकास भई मानिसको जीवनस्तरमा सुधार ल्याउन सकिन्छ । शिक्षा प्रदान गर्न सकिने विभिन्न आधारहरूमा संस्थागत आधार  औपचारिक शिक्षा पनि एक हो । जसलाई विश्वभरी नै व्यापक रूपमा प्रचलनमा ल्याइएको पाइन्छ । उचित शिक्षाले सामाजिक परिवर्तनमा सकरात्मक भूमिका खेल्दछ । उचित शिक्षाले योग्यता निर्धारण गरिदिन्छ । योग्य नागरिक समाज तथा राष्ट्रको हितका लागि पर्याप्तमात्रमा योगदान दिन सक्छन् । यस सन्दर्भमा शिक्षा कुनै पनि राष्ट्रको लागि  मेरुदण्ड मानिन्छ ( शर्मा,२०५७) ।

शिक्षक भनेको अभिभावकका आसा र भरोसाको केन्द्रविन्दु,विद्यार्थीहरुको भविश्यको निर्माता र समाज परिवर्तनका बाहक हुन् । जवाफदेहिताको भार बोकेका योग्य शिक्षकहरू शिक्षक मात्र नभई पितातुल्य शिष्ट पुरुष पनि हुनुपर्दछ। शिक्षण सिकाई प्रक्रियामा मुख्य गरी शिक्षक, विद्यार्थी सक्रिय रूपमा क्रियाशिल रहनुपर्दछ । हुन त शिक्षण सिकाई क्रियाकलापमा पाठ्यक्रम, पाठ्यपुस्तक, शैक्षिक सामग्री, शिक्षण पद्धति आदिको पनि प्रभावकारी स्थान रहेको हुन्छ । तर यो साधन मात्र हुन् । यीनको सहि रूपमा विद्यार्थीमा

प्रयोग गराउने माध्यम भनेको शिक्षक नै हो । त्यसैले शिक्षक भनेको शैक्षिक उद्देश्य प्र्प्तिका लागि शिक्षण प्रक्रियाको केद्रिय व्यक्ति हो । शिक्षक भनेका ज्ञानका सृटिकर्ता हुन् । ज्ञानको सृजना त्यस बेला गर्न सकिन्छ, शिक्षण सिकाइ प्रक्रिया क्रियात्मक अनुसन्धानको प्रक्रिया बन्छ । शिक्षकको प्रमुख उदेश्य सिकाइको संज्ञानात्मक संरचनामा वा संसारलाई हेर्ने दृष्टिकोणमा परिवर्तन ल्याउनु हो तर सिकाई क्रिया विद्यार्थी स्वयं गर्नुपर्दछ । शिक्षकको काम विद्यार्थीलाई सिकाइप्रक्रियामा सक्रिय वनाउन मद्धत गर्नु हो र सिकाइने बिषयवस्तु सिक्ने तहसम्म पुऱ्याई सरलीकृत गराउनु हो यसरी शिक्षकलाई शिक्षण सिकाई प्रक्रियाको मुख्य अङगको रूपमा लिइन्छ (शर्मा,२०६६) ।

शिक्षक भन्नाले शिक्षा दिने वा विद्यालयमा पढाउने व्यक्ति, अध्यापक, गुरुलाई शिक्षक भनिन्छ । शिक्षण सिकाई क्रियाकलापमा प्रमुख भुमिका खेली विद्यार्थी, विषयबस्तु आदिलाई सक्रिय गराउने काम शिक्षकबाट हुन्छ । प्रचिनकालमा शिक्षकलाई गुरुको नामबाट निक्कै सम्मान गर्ने गरीन्थ्यो । उनिहरूको जीवन मार्ग समाजका सबै वर्गलाई अनुकरणिय हुन्थ्यो । विद्यादान गर्नु र बिना लोभले बालबालिकालाई अध्यापन गर्नु उनिहरूको कर्तव्य ठानिन्थ्यो । यसैले गुरुलाई संसारको सृष्टिकर्ता, ब्रह्मा, पालनकर्ता विष्णु, संहारकर्ता शिव र साक्षत् परब्रह्मा परमात्मासँग तुलना गरिन्थ्यो । गुरुलाई सर्वज्ञ, सत्यज्ञ संसारमा भएभरिका ज्ञानले पुर्ण भएको मानिन्थ्यो । आजकाल पनि योग्य र कुसल शिक्षाप्रति सामाजिक सम्मान उक्तिकै महत्तपूर्ण रहेको छ । आम जनताले आफ्नो बालबालिका शिक्षित गराउन शिक्षकको जिम्मामा विद्यालय पठाउँछन् । शिक्षकले शिक्षारम्भदेखि उच्च शिक्षासम्म प्रदान गर्दछन् । शिक्षकले विद्यार्थीलाई सिक्ने वातावरण सिर्जना गर्ने, पढ्न प्रेरणा दिने, नयाँ नयाँ ज्ञान, सीप, धारणा सिकाउने, बिगतका अनुभव दिने परिश्रम गर्न सिकाउने, भविष्यको मार्ग दर्शन गराने काम गर्दछ । त्यसैले विद्यार्थीको सम्पूर्ण जीवन शिक्षकको हातमा हुन्छ । बालबालिकालाई सही मार्गदर्शन गर्ने काममा शिक्षकको अति महत्त्वपूण स्थान हुन्छ । देशका नागरिकलाई शिक्षा प्रदान गर्न सरकारले थुप्रै धनराशि खर्च गरेको हुन्छ । आजका बालबालिका भोलिका देशका कर्णधार भएकाले आजका बालबालिकालाई उपयूक्त शिक्षा दिनुपर्दछ । देशको भबिष्यको साथै बालकको आफ्नै भविष्य। अभिभावकको भरोसा उनिहरूमा आश्रित हुन्छ । त्यसैले यी सबै प्राप्तिका लागि अभिभावक र राष्ट्रले बालबालिकालाई शिक्षकको हातमा सुम्पेको हुन्छ ।

शैक्षिक क्षेत्रमा संलग्न विभिन्न व्यक्तिहरू मध्ये शिक्षकको महत्त्वपूर्ण स्थान हून्छ । शिक्षा दिने व्यक्तिलाई शिक्षक अथवा गुरुको संज्ञा दिइन्छ । शिक्षकहरू शिक्षण कार्यका लागि एक अभिन्न अङ्गका रूपमा रहेका हुन्छन् । प्रत्येक शैक्षिक संस्थामा तालिम प्राप्त,योग्य,दक्ष,अनुभवि शिक्षकको आवश्यकता पर्दछ । यस्ता शिक्षकले शिक्षाको उद्देश्य सरल व्यवस्थित र प्रभावकारी ढङगले पूरा गर्न महत्त्वपूर्ण जिम्मेवारी लिएका हुन्छन । गुणस्तरीय शिक्षाको लागि शिक्षक योग्य, तालिम प्राप्त, अनुभवि,नैतिकवमन,इमान्दार, सुयोग्य र लगनशील हुनुपर्दछ । कलिला बालबालिकाको भविश्य बोकेर हिड्ने शिक्षकले आफ्नो अधिकारलाई भन्दा कर्तव्य र सेवालाई महत्त्व दिनुपर्छ । असल शिक्षकको अभावमा शिक्षा प्रणाली असफल रहन सक्दछ (अग्रवाल,१९९५) ।

शिक्षकको शैक्षिक गुणलाई प्राज्ञिक वा व्यवसायिक वा पेशागत गुण पनि भनिन्छ ।शिक्षण कार्य एउटा व्यवसायिक पेशा हो । तसर्थ उक्त व्यवसायलाई प्रभावकारी बनाउन व्यावसाय गर्ने व्यक्तिमा व्यवसायिक गुण नभएमा उक्त व्यवसायमा सफलता हासिल नहुन सक्छ । शिक्षण एक प्राविधिक पेशा भएको उक्त पेशाका लागि आवश्यक पर्ने बालमनोविज्ञानको ज्ञान, शिक्षण योजना, शैक्षिक सामग्री, शिक्षण विधि, मूल्याङ्कन लगायतका शिक्षा सम्बन्धि विषयवस्तुमा सैद्धान्तिक एवम् प्रयोगात्मक ज्ञान, सीप एउटा कुशल शिक्षकमा हुनु पर्दछ । यसैगरी शिक्षकमा आवश्यक हुने पेशागत गुण विषयवस्तुमा पर्याप्त ज्ञान, शिक्षणमा कुशलता, सिकाइ प्रक्रियाको ज्ञान, बालमनोविज्ञानको ज्ञान, शिक्षण विधि र शिक्षण सामग्रीको ज्ञान, शिक्षा पद्वतिको ज्ञान, प्रयोग तथा अनुसन्धानात्मक दक्षता, जिज्ञासु र अध्ययनशील, पेशाप्रति निष्ठावान र लगनशिलता  पर्दछन् (भट्टराई, २०७०) ।

शर्मा (२०६२) का अनुसारआफ्नो वर्तमान अवस्था वा आफूसँग भएको वस्तुबाट हुने आनन्दको अनुभवलाई सन्तुष्टि भनिन्छ ।हामीले दैनिक जीवनमा विभिन्न कार्यहरू गर्दा उक्त कार्यसँग सन्तोष प्राप्त गर्नु, आफूले गरेको कामबाट प्राप्त प्रतिफलसँग तृप्त हुनु वा चित्त बुझ्नु नै सन्तुष्टि हो । मानिसले कार्यअनुसार देखेर् सुनेर, खाएर, गरेर आदि विभिन्न तरिकाले सन्तुष्टि प्राप्त गर्दछ । उपभोगको क्रममा वस्तुहरूको गुम्न  जाने क्षमताको अर्को रूप सन्तुष्टि हो । सन्तुष्टि प्रदान गर्ने शक्ति वस्तुमा हुन्छ भने सन्तुष्टि प्राप्त गर्ने मानिसहरू हुन्छन् । हामीले भोक लाग्दा खाना खायौं भने त्यसबाट भोक मेटिन्छ,, यसरीखानेकुरामा भोक मेटिने जुन क्षमता छ त्यसले मानिसलाई सन्तुष्टि प्रदान गर्दछ । वास्तममा वस्तुमा रहेको उपयोगिताको नास गरेर नै हामी सन्तुष्टि पाउदछौं । उपभोगद्वारा

एउटाको बिनास हुन्छ तर अर्काले सन्तुष्टि प्राप्त गर्दछ । हामी माानिसहरू आफूले खाने खाना, लगाउने पहिरन, आफू बस्ने घर र वरिपरिको वातावरण, परिवार, समाज, आफन्त, इष्टमित्र, आफूले अँगालेकाने पेशासँग कहिले सन्तुष्ट हुन्छौँ भने कहिले असन्तुष्ट हुन्छौँ । आफू सन्तुष्ट नभइकन गरेको कामबाट सोचेजति उपलब्धि हासिल हुन सक्दैन । त्यसकारण आफूले गरेको कार्यप्रति सन्तुष्ट हुन आवश्यक छ ।

कुनै निश्चित प्रतिफलको आशााले व्यक्तिले काम गर्दछ । व्यक्तिले आशा गरे अनुरूप प्रतिफल पाएमा उ खुसि र सन्तुष्ट हुन्छ । यसलाई कार्य सन्तुष्टि भनिन्छ । आफूले अपेक्षा गरे अनुरूप कामबाट राम्रो प्रतिफल प्राप्त भयो भने यसले व्यक्तिलाई कार्य सन्तुष्टि प्रदान गर्दछ । प्रतिफलको रूपमा व्यक्तिले तलव, ज्याला,पुरस्कार मानमर्यादा, जिम्मेवारी, स्वायत्तता, चुनौतिपूर्ण काम पाउँछ । जुन व्यक्तिको इच्छा र चाहाना अनुरूप छ भने यसले कार्य सन्तुष्टि दिन्छ । कार्य सन्तुष्टिले व्यक्तिलाई अझ उत्साह तथा कटिबद्ध भई काम गर्ने हौसला प्रदान गर्दछ । संगठन प्रति सकारात्मक धारणाको विकास गर्दछ । सङ्गठनको लक्ष्य हासिल गर्नका लागि विभिन्न तहका धेरै कर्मचारीहरू कार्यरत रहेका हुन्छन् । उनीहरूले सङ्गठन बाट काम गरेवापत प्रतिफलको रूपमा तलव,ज्याला तथा अन्य सुविधाहरू प्राप्त गर्दछन् । यही प्रतिफलको आशामा कर्मचारीहरू संगठनमा काम गर्न आउँछन् । कर्मचारीहरूले आशा गरे अनुसार पारिश्रमिक र प्रतिफल प्राप्त गर्ने अवस्थानै कार्यसन्तुष्टि हो । यसरी हेर्दा व्यक्तिको आफ्नो कार्यप्रतिको सामान्य विचारधारा नै कार्यसन्तुष्टि हो (सिंह, २०७२) ।

संगठनमा लक्ष्य हासिल गर्न कार्यरत व्यक्तिलाई कर्मचारिको संज्ञा दिइन्छ भने त्यस्ता कर्मचारीबाट सम्पन्न कार्यलाई कार्यसम्पादन भनिन्छ । जुन कार्यसम्पादन कार्य सन्तुष्टिको मापनको रूपमा रहेको हुन्छ । अर्थात् संगठनमा कर्मचारी, कार्यसम्पादन वा कार्य सन्तुष्टि तथा उत्पेरणा तीन अलग-अलग तर धेरै महत्त्वपूर्ण अवधारणाहरू हुन्छन् । यदि कर्मचारिहरू दक्षता तथा क्षमतामा निपुण छन् र आफ्ना कार्यप्रति सन्तुष्ट छन् भने निरन्तर संगठनमा आबद्ध भइरहन मन पराउँदछन् । जसले उनीहरूको सकारात्मक उत्प्रेरणालाई प्रतिनिधित्व गरिरहेको हुन्छ । त्यसैले कार्यवातावरणप्रति सधैं निर्देशित दृष्टिकोण नै कार्य सन्तुष्टि हो । काममा सफलता प्राप्त हुदाँ व्यक्तिले देखाएको सकारात्मक भावना नै कार्य सन्तुष्टि हो । कार्य सन्तुष्टिलाई निराशाको विपरीत अवस्थाको रूपमा  पनि हेर्न सकिन्छ ।

अर्थात् कार्य सन्तुष्टि भनेको आफ्नो कामप्रति व्यक्तिको सकारात्मक दृष्किोण हो । कार्य सन्तुष्टि कर्मचारीको संस्थामा काम गरेर पाउने सन्तुष्टि हो (श्रेष्ठ, २०७२) ।

कार्य सन्तुष्टि भन्नाले कामदारले महत्त्वपूण ठानेको चीजहरूको कार्यले कतिसम्म अनुभुति दिएको छ, व्याक्तिले काम गरे वापत चाहेको इच्छित परिणम पाएको अनुभूति गर्दछ भने त्यहि अनुभूति नै कार्य सन्तुष्टि हो यसरी कामदारद्वारा कार्य प्रति राखेको सकारात्मक दृष्टिकोण वा अनुभूति बटुल्छ । त्यसको सम्पूर्ण महसुस नै कार्य सन्तुष्टि हो । जुन एक दुईवटा कुराले मात्रै समेट्न सक्तदैन । कार्य सन्तुष्टि प्राप्त गर्न कार्य गर्ने क्रममा भएको वातावरण, सहकर्मी, कार्य प्रणाली, सबै अनुकूल हुनुपर्छ ।अर्थात तलब, भत्ता, प्रशंसा भाव, साथीभाइको सहयोग आदि कार्य सन्तुष्टिका स्रोत हुन् । कार्य सन्तुष्टि व्यक्तिको कार्य प्रतिको उसको सामान्य दृष्टिकोणलाई जनाउँछ । यदि व्यक्तिको कार्य सन्तुष्टि उच्च छ भने त्यो व्यक्ति सम्बद्ध कार्यप्रति सकारात्मक भावना राख्दछ वा आफ्नो कार्यलाई महत्त्व ठान्दछ । तर आफ्नो कार्य मन नपरेको खण्डमा उ कार्यबाट असन्तुष्टिको भावना राख्दछ । त्यसैले कार्य सन्तुष्टि भन्नाले सामान्यतया व्यक्तिको आफ्नो कार्यप्रतिको सकारात्मक वा नकारात्मक भावनाको परिणम हो । अर्थात व्यक्तिको कार्यप्रतिको संवेगात्मक प्रतिक्रिया हो ( थापा,२०६८) ।

## १.२.समस्याको कथन

नेपालमा शैक्षिक विकास तथा सुधारका लागि विगत देखि विभिन्न प्रयासहरू हुँदै आएका छन् । बद्लिदो समयको आवश्यकता पूरा गर्न शिक्षाको उद्धेश्य नीति, संरचना तथा कार्यक्रम  समयानुकुल परिवर्तन गरिएका छन् । तर शैक्षिक गुणस्तर भने अपेक्षाकृत वृद्धि भएको छैन । त्यसैगरी शिक्षकको पेशागत दक्षता पेशामा सन्तुष्टि अभिवृद्धिका लागि राज्यले शिक्षकलाई तालिम, समय सापेक्ष तलव, भत्ता, ग्रेड, पुरस्कार, पोसाकजस्ता प्रयासहरू गर्दै आएको छ । जस्तै सम्पूर्ण शिक्षकहरू तालिम प्राप्त हुनुपर्ने व्यवस्था गरिए तापनि पेशागत दक्षताको विकास भने भएको देखिदैन ।शिक्षण पेशालाई जिम्मेवार र महत्त्वपूर्ण पेशाको रूपमा लिइन्छ । जसले लाखौं बालबालिकाको भविष्य निर्माण साथै राष्ट्रको कर्णधार बनाउने र शैक्षिक जनशक्ति निर्माण गर्ने कार्य गर्दछ । शिक्षक एक शिक्षण पेशामा संलग्न व्यक्ति हो जो व्यत्तिगत सामाजिक र शैक्षिक गुणले युक्त हुनुपर्दछ । जसले शिक्षक राष्ट्रको लागि असल मार्गदर्शक बन्न सक्दछ ।

नेपालको वर्तमान परिपेक्षलाई आँकलन गर्दा शिक्षकले एक संरक्षणकर्ताका रूपमा , कुशल शिक्षणकर्ताको रूपमा, समुदायको सचेत नेताको रूपमा,प्रजातान्त्रिक मूल्यको बाहकको रूपमा, बालकको प्रेरकको रूपमा, विकास कार्यको सहयोगिका रूपमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्नु पर्दछ । यस अध्ययनमा शिक्षकहरूको पेशागत सन्तुष्टिका लागि तालिमबाट प्राप्त ज्ञान, सीप र अनुभव तिनलाई कक्षा शिक्षणमा प्रयोग गर्न अपनाइएका क्रियाकलापको अध्ययन गरिने छ । शिक्षकहरूलाई समय समयमा विभिन्न किसिमका तालिमहरू प्रदान गरिरहनु, पुरस्कार प्रशंसापत्र, विद्यालयपोसाक, भत्ता, निजामति सरह शिक्षामा लगानि प्रदान गरिरहँदा पनि शैक्षिक गुणस्तरमा सुधार आउन नसक्नु तथा विद्यार्थीहरूको सिकाइ उपलब्धिमा खासै वृद्दि नहुनु र पुनर्वलकाथप उर्जाहरूलाई उल्लेखित विषयवस्तुसँग सम्बन्धित समस्याहरू रहेका छन् । तसर्थ शिक्षकको पेशागत सन्तुष्टि पत्ता लगाउनर त्यसलाई सुधार तथा परिमार्जन गर्ने उपायकालागि के कस्तो कार्य गर्नु पर्दछ भन्ने कुराको खोजि गर्नकालागि यो विषयलाई प्रस्तुत गरिएको छ ।  शिक्षण पेसामा संलग्न शिक्षक आफ्नो जिम्मेवारी, कर्तव्य, पारिश्रमिक प्रगति र सामाजिक प्रतिष्ठामा सन्तुष्ट छन् वा छैनन् भन्ने प्रश्न नै यस अध्ययनको समस्याको रूपमा रहेको छ ।

## १.३ अध्ययनको औचित्य

कुनै पनि अध्ययन अनुसन्धानको आ-आफ्नै स्थानमा विशिष्ट र महत्त्वपूर्ण अर्थ हुन्छ । समाज परिवर्तनका निम्ति मात्र हैन राष्ट्र तथा अन्तर्राष्ट्रिय स्तरका विविध क्षेत्रमा आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादनमा समेत शिक्षण पेशा महत्त्वपूर्ण मानिन्छ । शिक्षण पेशाप्रति शिक्षकको सन्तुष्टि विषयमा केन्द्रित भएर यो अध्ययन गरिनेछ । जुनसुकै अनुसन्धान अर्थपूर्ण समस्या समाधान गर्ने, ज्ञान सिद्धान्त तथा उपयोगिताको दृष्टिकोणबाट गरिने हुदाँ अनुसन्धान कार्यमा भएको खर्च ,समय तथा श्रममा भएको लगानिको महत्त्व तथा सार्थकतालाई पुष्टि गर्नु आवश्यक हुन जान्छ ।

शिक्षणपेसालाई महत्त्वपूर्ण र जिम्मेवार पेशाका रूपमा लिइन्छ । हरेक अनुसन्धान कुनै अर्थपूर्ण समस्या समाधान गर्न नयाँ नयाँ तथ्य ज्ञान वा सिद्धान्त प्रतिपादन गर्न तथा उपयोगिताको दृष्टिकोणबाट गरिएको हुन्छ ।यो अध्ययन पनि शिक्षकको पेशागत धारणा र सन्तुष्टि के कस्तो रहेको छ भनि गरिने छ ।यस अध्ययनबाट शिक्षकहरूको शिक्षण पेशा प्रतिको सन्तुष्टि पत्ता लगाई शिक्षणलाई व्यवस्थित गर्न, आवश्यक उपायको खोजी गर्न,

नीति निर्माताहरूलाई सहयोग गर्न, सेवा सुविधा सुधार हुने, व्यवस्थित शिक्षण गर्नका लागि शिक्षकमा आवश्यक गुणको विकास गर्न, प्रोत्साहन हुने, तालिमको आवश्यकता र प्रभावकारीता बढ्ने, पेशागत सुरक्षा बढाउने उपाय निर्माण गर्न सहयोग पुग्ने, शिक्षणमा देखिएका कमिकमजोरी हट्दै जाने, शिक्षण पेशाप्रति उत्प्रेरणा बढ्ने, लगानिलाई सार्थक बनाउन सहयोग पुग्ने जस्ता कार्य हुने अपेक्षाले यसको अध्ययन औचित्यपूर्ण हुने विश्वास गरिएको छ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनको उद्देश्य निम्नानुसार रहेका छन् :

(क) शिक्षकको पेशागत सन्तुष्टिको अवस्था पत्ता लगाउनु ।

(ख) शिक्षकको पेशागत सन्तुष्टिलाई प्रभावपार्ने तत्त्वहरूको मूल्याङ्कन गर्नु ।

(ग) शिक्षकको पेशागत सन्तुष्टिमा देखिएका समस्या समाधानका उपाय सुझाउनु ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरूयस अध्ययन शीर्षक अन्तर्गत निम्न प्रश्नहरू तयार गरिएका छन् :

(क) शिक्षण पेशाप्रति शिक्षकहरूको सन्तुष्टिको अवस्था कस्तो छ ?

(ख)शिक्षकको पेशागत सन्तुष्टिलाई प्रभाव पार्ने तत्त्वहरू के के हुन् ?

(ग) शिक्षकहरूको शिक्षण पेशा प्रतिको धारणा कस्तो छ ?घ) शिक्षण पेशामा कस्ता समस्याहरू देखिएका छन् ? (ङ)शिक्षण पेशालाई प्रभावकारी बनाउने उपायहरू के के हुन्?

## १.६ अध्ययनको परिसीमा

यस अध्ययन कार्यलाई अघि बढाउनका लागि मोरङ जिल्लाको सुन्दरहरैचा न.पा. अन्तर्गतका १६ वटा सामुदायिक विद्यालय मध्ये गोला प्रथाबाट छनोटमा परेका ४ वटा विद्यालयमा सीमित गरिएको छ । ४ वटै विद्यालयका प्र.अ. १/१ गरी ४ जना महिला शिक्षक, र प्रत्येक विद्यालयका २/२ जना गरी ८ जना शिक्ष्कसँग मात्र यो अध्ययनलाई सीमित गरिएको छ । शिक्षण पेशाप्रति शिक्षकहरूको सन्तुष्टिलाई मात्रै आधार बनाइएको छ र यसलाई शैक्षिक वर्ष २०७६ मा सीमित गरिएको छ ।

# परिच्छेददुई :सम्बन्धित साहित्यको पुनरावलोकन र अवधारणात्मक ढाँचा

कुनैपनि अध्ययन अनुसन्धानलाई प्रभावकारी, व्यवहारिक र वैज्ञानिक बनाउनका लागि सम्बधित साहित्यको पुनरवलोकन अति आवश्यक छ। अध्ययनको यस खण्डमा यस अध्ययन सँग सम्वन्धित साहित्यको पुनरवलोकन र अध्ययनको सैद्धान्तिक खाका प्रस्तुत गरिएको छ।

## २.१ सैद्धान्तिक साहित्यको पुनरवलोकन

हर्जवर्गका अनुसार उनले व्यावसायिक संगठनका कर्मचारीहरूलाई अन्तर्वार्ता लिइ उत्प्रेरणा सम्बन्धी अनुसन्धान गरेका थिए। उनको अनुसन्धान अनुसार कामसँग सम्वन्धित दुई तत्त्व हुन्छन् आरोग्य तत्त्व र उत्प्रेरणा तत्त्व। आरोग्य तत्त्व कामदारको कार्य वातावरण सँग सम्बन्धीत छ। यो तत्त्व सवै प्रकारका कार्यका लागि आवश्यक हुन्छ। हर्जवर्गको अध्ययनको परिणमअनुसार आरोग्य तत्त्वहरू विद्यमान नरहेमा कर्मचारीमा असन्तुष्टि उत्पन्न हुन्छ तर यि तत्त्वहरू विद्यमान रहेमा उसलाई उच्च कार्यसम्पादन गर्न सन्तुष्टि हुन्छ। त्यसैले राम्रो कार्य गर्न यसले कर्मचारीलाई उत्प्रेरित भने गर्दैन। कामदारहरूको कार्यवातावरणमा आरोग्य तत्त्वको अभाव भएमा असन्तुष्टिको सिर्जना हुन्छ। यस तत्त्वको विद्यमान रहेमा असन्तुष्टि हुदैंन। सन्तुष्टि पनि हुदैंन। ठीकै छ वा सन्तुष्टिनभएको भन्ने अवस्थामा रहन्छ। उनिहरू पूर्ण सन्तुष्टि तथा पूर्ण असन्तुष्टि बीच अवस्था मा पुग्छन् भने उत्प्रेरणा तत्त्व अन्तर्गत कर्मचारीलाई कार्य गर्न प्रोत्साहन पुऱ्याउने तत्त्वहरू पर्दछन्। ती तत्त्वहरू विद्यमान रहेमा कर्मचारीहरूलाई आत्मसन्तुष्टि प्राप्त हुन्छ र राम्रो काम गर्न प्रेरित गर्दछ। यस सिद्धान्त अनुसार आरोग्य तत्त्वहरूले कर्मचारीहरूलाई कार्य असन्तुष्टिबाट कार्यसन्तुष्टि नभएको अवस्थामा ल्याउँछ। तब उनिहरू संगठनमा टिक्छन्। तर उच्च कार्यसम्पादन भने गर्दैनन्। त्यसपछि उत्प्रेरक तत्त्वहरूले उनीहरूलाई कार्यसन्तुष्टि नभएको बाट कार्यसन्तुष्टिको अस्थामा ल्याउछ। उनको दृष्टिकोणमा कार्य सन्तुष्टि भएमा मात्र सङ्गठनमा टिक्ने गर्दछन् र कार्य सफलता प्राप्त हुन्छ। त्यसरीनै शिक्षकको शिक्षण पेशामा पनि सन्तुष्टि हुन आवश्यक भएकाले यो सिद्धान्तलाई यस अध्ययनमा सम्बन्धीत गरिएको छ ( सिंह, २०७२ द्वारा उदृत)।

म्याक ग्रेजरकाअनुसार उनले कामसँग सम्बन्धित दुई तत्त्वको सिद्धान्त प्रतिपादन गरेका छन् । xसिद्धान्त अनुसार कर्मचारी बाट राम्रो काम गराउनका लागिउनिहरूलाई कडा नियन्त्रण र निर्देशनको आवश्यकता पर्दछ । उनी भन्छन् मानिसहरू स्वभावैले अल्छी हुन्छन् काम गर्न रूचाउँदैनन् । सङ्गठनको उद्देश्य हासिल गर्नकालागि कामदारहरूलाई डर, धम्की र अधिक नियन्त्रण गर्नुपर्दछ । यसमा हाकिम र सहायक बीच सुमधुर सम्बन्ध हुदैन । सानिसहरूलाई मेसिन सरह पेलेर, तर्साएर, हप्काएर काम गर्न विवश पारिन्छ । तर ySसिद्धान्तअनुसार आजको प्रजातान्त्रिक युगमा मानिसलाई दवाव दिएर होइन खुसि र सन्तुष्ट प्रदान गरी उत्प्रेरित गर्नुपर्छ । कामसँग सम्वन्धीत  आन्तरिक तत्त्वहरू सवल भए भने कामदारहरू सन्तुष्ट हुन्छन जवकि वाह्य तत्त्वहरू कमजोर हुन्छन भने असन्तुष्टि बढ्दछ । त्यसैगरी कामदारको संस्थाको स्वास्थ्य पक्ष जस्तै नीति, प्रशासन, अनुगमन, तलव आदि पर्याप्त र प्रभावकारी छन् भने कामदारहरू सन्तुष्ट हुन्छन् (रविन्स र साङ्घी, २००६ सन् बाट उदृत )

कुनैपनि संस्थामा व्यक्तिका आवश्यकताहरू, आकाक्षाहरू, प्रवृत्तिहरू, र अन्य व्यक्तिगत लाभहरूपूरा हुन्छन र काम गर्ने  संस्थाको नीति, संथागत अवस्था, कार्यक्रमहरू, सामाजिक सम्बन्ध, र कामदारलाई क्षतिपूर्ति दिने व्यवस्था हुन्छ भने कामदारहरूको सन्तुष्टि उच्च हुन्छ । यसको विपरित संस्थागत कमजोर नीति, व्यवस्थापकका कमसल व्यवहार, कमजोर व्यवस्थापन, कामदारहरू बीचको वेमेल,वातावरणिय प्रतिकुलता र संस्थाको कमजोर प्रतिवद्धता भएमा कामदारहरूको असन्तुष्टि  बद्दछ यसले गर्दा कामदारहरूको कार्य सम्पादन क्षमता कमजोर हुन गई उत्पादनको गुणस्तर पनि घट्दछ । उत्पादनको गुणस्तर घटे व्यवस्थापकमा तनाव हुन गई व्यवस्थापक निरङ्कुस बन्न सक्ने सम्भावना हुन्छ । यसले झन् असन्तुष्टि बढ्छ (ग्रिफिन, २००५ सन् ) ।

वाट्सन वाटकाअनुसार कामदारहरू एउटै संगठनमा आबद्ध हुदा कार्यप्रति सन्तुष्ट हुन्छन् । संगठनमा आबद्ध हुने कारणहरू छन् । पहिलो कारण सीपको उपयोग गर्ने अवस्था सीपको उपयोग गरेर कार्य गर्नाले कामदारहरू कार्यप्रति सन्तुष्टि हुन्छन् । दोस्रो कारण तालिम हो । तालिमबाट पनि कामदारहरू सन्तुष्ट भएको पाइन्छ । तेस्रो कारण सन्तुष्टि, उत्पादकत्व, मेनेजरहरू यो कूरामा विश्वस्त छन् कि खुसी, उत्साहि कामदारहरू वढि उत्पादनशील रहन्छन । कार्य सन्तुष्टिले उत्पादकत्व बढाउछ । जसले कार्य सन्तुष्टिबाट मात्र उत्पादकत्व बृद्धि गराउन सकिन्छ । चौँथो कारणकाममा सन्तुष्ट हुने कर्मचारी कामदारहरू

दिनहु आफ्नो काममा उपस्थिति रहने र असन्तुष्टि कामदारहरू सन्तुष्ट कामदारहरूको तुलनामा बढि अनुपस्थिति हुने गर्दछ । सन्तुष्ट कामदारको उपस्थिति दर असन्तुष्ट कामदारको भन्दा बढि हुन्छ । सन्तुष्ट कामदारले लिने विदा र त्यसको उपयोग को अवस्थामा समेत कार्य सन्तुष्टिले फरक ल्याएको मानिन्छ (रविन्स, काउल्टर र भोरा, २०१० बाट उदृत) ।

मास्लो (१९४३) का अनुसार प्रत्येक मानिसका आवश्यकताको एक निश्चित क्रमबद्धता वा श्रृंखला हुन्छ, जसद्वारा वा जसको परिपूर्तिका लागि ऊ प्रेरित भई कार्य गर्दछ । अतः कुनै मानिसलाई कामप्रति उत्पेरित गर्नको लागि उसका आवश्यकतालाई क्रमवद्ध अर्थात तहगत रुपमा पूरा गर्दै वा सन्तुष्ट पार्दै जानुपर्दछ  भन्ने मान्यता यस सिद्धान्तले राखेको छ । मास्लोको विचारमा मानिसका अनगिन्ती आवश्यकताहरू हुन्छन् । कुनै एक आवश्यकताको परिपूर्ति पछि क्रमश एकपछि अर्को आवश्यकता बढ्दै जान्छन्, जसको परिपूर्तिका लागि पुनः ऊ कार्य गर्न उत्प्रेरित हुन्छ (श्रेष्ठ २०७२) ।

## २.२ सम्बन्धित साहित्यको पुनरवलोकन

अध्ययन अनुसन्धानलाई पूर्वसाहित्य वा शोधहरूको अध्ययन र समिक्षा गर्नु अध्ययनको एउटा महत्त्वपूर्ण पक्ष हो । अनुसन्धानकर्ताले कुनै पनि विषयवस्तुसँग सम्बन्धित भएर अध्ययन गर्न चाहेको छ, सो समस्याको आधारशीला त्यसको सैद्धान्तिक आधार संरचना र त्यस बिषयमा भएका पूर्व सिद्धान्तहरूको समिक्षा एक महत्त्वपूर्ण कार्य हो । सन्दर्भ सामग्रीको समिक्षाले अध्ययनकर्तालाई आफ्नो अध्ययन सम्बन्धि समस्यालाई बढी सार्थक, यथार्थ र खोज योग्य बनाउन आवश्यक जानकारी प्रदान गर्दछ । शिक्षणलाई लिएर शिक्षाविद् तथा विद्वानहरूले विभिन्न अनुसन्धान एवम् अन्वेषण गरेका छन् । जसबाट शिक्षाका गुणहरू प्रकासमा आइसकेका छन् । यस्तो बदलिँदो अवस्थामा शिक्षणलाई बालबालिकाले चाहेको ज्ञान ,सीप र धारणाको विकास गराई जस्तोसुकै जटिल परिस्थिति र सामाजिक वातावरणमा पनि उनीहरुलाई समायोजित गराउन सक्नु शिक्षण हो (शर्मा र शर्मा, २०५३) ।

हाम्रो जस्तो विकासोन्मुख मूलुकका गाउँघरमा विभिन्न साँस्कृतिक पृष्टभूमि भएका बालबालिकाहरुलाई अध्ययनतिर मोड्न विद्यालयका शिक्षकहरुमा धैर्य,दक्षता,सहिष्णुता, परिश्रम, बालबालिकाको उज्ज्वल भविष्यप्रति चिन्ता हुनुकासाथै उनिहरूको चौतर्फि

विकासमा सहयोगिका रूपमा तथा समुदायको नेताको रूपमा आफ्नो भूमिका निष्ठापूर्वक निर्वाह गर्न सक्ने कुसलता हुनुपर्दछ  (हाडा, २०५५) ।

शिक्षण पेशामा शिक्षकहरूको धारणा एवम् सन्तुष्टि पहिचान नेपाली शिक्षकहरूको सन्दर्भमा एउटा नयाँ अवधारणा हो  । शैक्षिाक क्रियाकलापमा शिक्षकहरूको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । वर्तमान परिप्रेक्षमा प्रभावकारी शिक्षण कार्य एक महत्त्वपुर्ण आवश्यकता हो । यसको अध्ययन र क्षेत्र व्यापक छ। शिक्षण पेसाप्रति शिक्षकहरूको धारणा एवम् सन्तुष्टि पहिचान गर्न सङ्कलन गरिएका सान्दर्भिक विषयवस्तुलाई प्रस्तुत गरिएको छ ।राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ लागु भएपछि शिक्षा क्षेत्रमा उन्लेखनिय सुधार र व्यवस्था भएको थियो । यस योजनाले शिक्षकको पेसागत हक हितको स्पष्ट व्यवस्था रहेको छ । जिल्लास्तरमा शिक्षक सेवा आयोग गठन गरी शिक्षकको नियुक्ति, सरुवा बढुवाको व्यवस्था गरिएको छ । शिक्षकको तलब निश्चित समयमा जिल्ला शिक्षा कोषबाट उपलब्ध गराउने, अन्य क्षेत्रका कर्मचारीहरू सरह शिक्षकहरूलाई पनि तलबस्केल प्रदान गर्ने, दुर्गम क्षेत्रमा काम गर्ने शिक्षक शिक्षकहरूलाई तालिम दिने, उपचार खर्च, उपादान, निवृतिभरण र सन्चयकोष जस्ता सुविधा प्रदान गर्ने व्यवस्था शिक्षा ऐन २०२८ले गरेको छ (अधिकारी, २०७०) ।

त्यसैगरी प्रजातन्त्रको पुनः स्थापना पश्चात वि.स.२०४९ मा बसेको शिक्षा आयोग २०४९ ले शिक्षणमा उल्लेखनिय सुधार गर्ने नियम बनाएको छ । नियमावलीमा शिक्षक छनोट तथा शिक्षकको तह वृद्धि विकासमा समेत सुधारको मार्ग तय गरेको छ । शिक्षकको नियुक्ति, सरुवा, निवृतिभरण, बिदा, कार्य विवरण, आचारसंहिता, पुरस्कार तथा तलव सुविधाको स्पष्ट व्यवस्था गरेको छ । अन्य पेसासँग समानता कायम गरिएको छ । जसको परिणामस्वरूप शिक्षण पेसामा आकर्षण बढेको छ । पूर्वप्राथमिक विद्यालयमा महिला शिक्षकको व्यवस्था गर्ने,मातृभाषा जानेको व्यक्तिलाई पूर्वप्राथमिक विद्यालय, प्राथमिक विद्यालय  तहको शिक्षण पेसामा संलग्न गराउने र प्राथमिक तहको शिक्षकको लागि +२ उतीर्ण गरेको शैक्षिक योग्यता निर्धारण गर्ने, विद्यार्थी सङ्ख्या र विषयगत आधारमा शिक्षकको नियुक्ति गर्ने, तालिम अप्राप्तलाई स्थायी शिक्षक नबढाउने, अध्यापन अनुमतिपत्र अनिवार्य गर्ने, शिक्षकको बडुवा गर्न तथा शिक्षण पेशामा नियुक्ति दिदाँ तालिम प्राप्तलाई पहिलो प्राथमिकता दिने, शिक्षक सेवा आयोगको गठन गरी शिक्षकको नियुक्ति तथा बढुवा गर्ने जिम्मेवारी दिनुपर्दछ भनी प्रतिवेदनमा उल्लेख गरेको छ  (शर्मा, २०६६) ।


## २.३ पुनरवलोकनको उपादेयता

माथि उल्लेख गरिएका पूर्व साहित्यहरूले उद्देश्य तयार गर्न, विधि तयार गर्न, सुझाव प्रस्तुत गर्न, प्राप्ति निष्कर्ष तयार पार्न सहयोग पुऱ्याएको छ भने अध्ययनको सैद्धान्तिक खाकामा शैद्धान्तिक पक्षहरूको विश्लेषण गर्न, त्यसकोगहनता जटिलता पत्ता लगाउन, गहिराइ केलाउन सहयोग पुऱ्याएको छ ।

## २.४ सैद्धान्तिक/अवधारणात्मक ढाँचा

शिक्षण पेशाप्रति शिक्षकहरूको सन्तुष्टिको उदेश्यहरू पुरा गर्नका लागि निम्नानुसार अवधारणात्मक ढाँचा निर्माण गरिएको छ ।

चित्र नं. १ अवधारणात्मक ढाँचा



विद्यालय भित्र शिक्षकलाई लिइएको छ । शिक्षकहरूको सन्तुष्टिको अवस्था, सन्तुष्टिलाई प्रभावपार्नेतत्त्वहरू र समस्याहरूको अध्ययन गरिएको छ ।सिद्धान्त र तथ्याङ्का आधारमा व्यख्या विश्लेषणगरीएको छ । सिद्धान्त, तथ्याङक र विश्लेषणका आधारमा उपायहरू प्रस्तुत गरिएको छ । उपायहरू निर्माण गरी सोही उपायका आधारमा शिक्षक र विद्यालयमा सुझाव प्रस्तुत गरिएको छ ।

# परिच्छेदतीन : अध्ययन विधि र प्रक्रिया

यस अध्ययनलाई पूरा गर्न गुणत्मक र परिमाणात्मक (मिश्रित) ढाँचाको प्रयोग गरिएको छ। सम्बन्धित कार्य क्षेत्रमा गएर शिक्षक, प्र.अ.सँग अन्तर्वाता प्रश्नावलि, अन्तर्क्रिया तथा छलफल निर्देशिका जस्ता साधनहरू मार्फत प्राथमिक र द्वितीय दुवै स्रोतहरूको प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ। यो शोधको अध्ययन विधिलाई विस्तृत रूपमा तल उल्लेख गरिएको छ।

## ३.१ अध्ययनको ढाँचा र विधि

यस अध्ययनका लागि मिश्रित ढाँचाको प्रयोग गरिएको छ।यस अध्ययनमा गुणात्मक र वर्णनात्मक पद्वतिको प्रयोग गरिएको छ। प्राप्त तथ्याङ्कलाई परिमाणात्मक रूपमा प्रस्तुत गरी व्याख्याात्मक तरिकाले विश्लेषण गरिएको छ।

## ३.२ जनसङ्ख्या, नमूना र नमूना छनोट रणनीति

यस अध्ययनका लागि मोरङ जिल्लासुन्दरहरैचा न.पा.भित्रका १६ वटा सामुदायिकविद्यालय, र उक्त विद्यालयका शिक्षकहरू र प्र.अ. हरूलाई जनसङख्याको रूपमा लिइएको थियो ।

यस अध्ययनका लागि सुन्दरहरैचा न.पा. भित्रका ४ वटा सामुदायिक माध्यमिक विद्यालयहरूलाई नमुना विद्यालयको रूपमा छनोट गरिएको छ। चारैवटा विद्यालयबाट प्रधानाध्यापक १/१ जनाका दरले जम्मा ४ जना, महिला शिक्षकहरू १/१ जनाका दरले जम्मा ४ जना र पुरूष शिक्षकहरू २/२ जनाका दरले ८ जना गरी जम्मा १६ जनालाई नमुनाको रूपमा छनोट गरिएको छ।जसमा प्रत्येक विद्यालयबाट १/१ जना अस्थायी शिक्षक र ३/३ जना स्थायी शिक्षकहरूलाई नमुनाको रूपमा छनोट गरिएको छ। जसलाई अनुसुचि क मा प्रस्तुत गरिएको छ।

यो नमुनामा विद्यालय सुविधाजनक नमुना छनोट विधिबाट छनोट गरिएको छ। सुविधाजनक नमुना छनोट गर्दा आफूलाई अध्ययन गर्न सजिलो हुने, तथ्याङ्क सङ्कलनमा मद्वत पुग्ने, सहज र सरल तरिकाले कार्य गर्न सकिने भएकाले यो विधि छनोट गरिएको हो। ४ वटै विद्यालयबाट प्र. अ. स्वतः छनोट गरिएको छ भने महिला शिक्षक र पुरूष शिक्षकलाई उद्देश्यमुलक नमुना छनोट विधिबाट छनोट गरिएको छ। यिनै १२ जना शिक्षक

छनोट गर्दा सान्दर्भिक र प्रमाणिक सुचना प्राप्त हुने र अध्ययनको उद्देश्य पूरा हुने हुनाले यो विधि छनोट छनोट गरिएको छ ।

### ३.३. अध्ययनको क्षेत्र

प्रस्तुत अध्ययन सुन्दरहरैचा न.पा. भित्र रहेका १६ वटा सामुदायिक विद्यालय मध्ये महेन्द्र राजमार्गको दक्षिण ५ किलोमिटर र उत्तर ४०० मिटर भित्र, पूर्व सलकपुर बजार देखि पश्चिम दुलारी र दक्षिणमा साविक मृगौलिया गा.वि.स भवनसम्म अध्ययनको क्षेत्र रहेको छ । जसअन्तगतका ४ वटा विद्यालयमा अध्ययनको क्षेत्र सीमित गरिएको छ । यस अध्ययनमा शिक्षण पेशामा शिक्षकको सन्तुष्टि विषयवस्तुको अध्ययन क्षेत्र रहेको छ ।

सेवा सुविधाले सन्तुष्टिमा पारेको प्रभाव पत्ता लगाउन विद्यालय विवरण फारम निमार्ण गरिएको छ । जसलाई अनुसूचि ख मा प्रश्तुत गरिएको छ ।

### ३.४. तथ्याङ्क संकलनका साधन र तरिका

यस अध्ययनका लागि निम्न साधनको प्रयोग गरिएको छ :

(क) विद्यालय विवरण फारम

सेवा सुविधाले सन्तुष्टिमा पारेको प्रभाव पत्ता लगाउन विद्यालय विवरण फारम निमार्ण गरिएको छ । जसलाई अनुसूचि–ख मा प्रश्तुत गरिएको छ ।

(ख) अन्तर्वार्ता प्रश्नावली

शिक्षकको आफ्नो पेशासँगको सन्तुष्टि पत्ता लगाउन अन्तर्वार्ता प्रश्नावलीको प्रयोग गरिनेछ । शिक्षकको शिक्षण पेशाप्रतिको धारणा पहिचान गर्न निर्माण गरिएको अर्न्तवार्ताप्रश्नावलीलाई अनुसूची -ग,घ,ङ मा  समावेश गरिनेछ ।

(ग) अन्तरक्रिया तथा छलफल निर्देशिका

शिक्षण पेशाप्रतिको सन्तुष्टि पक्षका थप सूचना प्राप्त गर्न नमूना छनोटमा परेका शिक्षकहरूको भेला बोलाई छलफल गरिएको छ, जसका लागि छलफल निर्देशिका प्रयोग गरिएको छ । प्रयोग गरिएको निर्देशिका अनुसूचि - च मा प्रस्तुत गरिएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया

प्रस्तुत अध्ययन क्षेत्रमा तथ्याङ्क संकलन गर्दा पटक पटक गई शिक्षकहरू सँगको प्रत्यक्ष अन्तर्क्रिया बाट लिइएको छ । तथ्याङ्कलाई प्राथमिक स्रोत र द्वितीय स्रोत गरी छुट्टा छुट्टैरूपमा तथ्याङ्क सङ्कलन गरिएको छ ।अन्तर्वार्ता प्रश्नावलि, अन्तर्क्रिया र छलफल निर्देशिकालाई प्राथमिक स्रोतको रूपमा लिएको छ भने विद्यालय, पुस्तक, पत्रपत्रिका,जर्नल शोधपत्र, शैक्षिक दस्तावेजहरूलाई द्वितीय स्रोतको रूपमा लिएको छ । सम्बन्धित अध्ययन क्षेत्रबाट तथ्याङ्क लिखित रूपमा लिइएको छ ।

## ३.६ तथ्याङ्कको व्याख्या र विश्लेषण प्रक्रिया

यस अध्ययन कार्यमा प्राप्त तथ्याङ्कलाई भिन्ना भिन्नै तालिकिकरण गर्दै चरणबद्व रूपमा सङ्ख्यातमक र गुणात्मक (मिश्रीत) अध्ययन विधिको प्रयोग गरी तथ्याङ्कको विश्लेषण गरिएको छ ।

# परिच्छेद चार : नतिजा र छलफल

शिक्षण पेशाप्रति शिक्षकहरूको सन्तुष्टि विशेष शिक्षकहरूसँग केद्रित हुने हुनाले प्रतक्ष्य रूपमा सम्बन्धित क्षेत्रमा गई शिक्षण पेशामा संलग्न शिक्षकहरू, प्र.अ., महिला शिक्षकहरूसँगको अन्तर्वार्ता, प्रश्नावलि, र छलफल बाट आवश्यक तथ्याङ्क तथा सूचनाहरू संकलन छ । त्यसमा न.पा., विद्यालय, पत्रपत्रिका, दस्तावेजमा शिक्षण पेशाप्रति शिक्षकहरूको सन्तुष्टि सम्बन्धि अभिलेखमा भेटिए सम्मका सूचना तथा तथ्याङ्कहरू खोज गरी सङ्कलन गरिएको छ । यस अध्ययनका लागि सम्बन्धित क्षेत्रमा गई प्रत्यक्ष भेटघाट तथा अन्तर्वार्ता प्रश्नावलि र छलफल निर्देशिका प्रयोग गरी शिक्षण पेशाप्रति शिक्षकको सन्तुष्टिका विषयमा जानकारी लिइएको छ । यस अध्ययनको उद्देश्य परिपूर्तिका लागि सङकलित तथ्याङ्लाई विभिन्न शीर्षक उपशीर्षकमा विभाजन गरी व्याख्या विश्लेषण गरिएको छ । मुलतः यस अध्ययनको विषय सन्तुष्टिसँग सम्बन्धित भएकाले उत्तरदातालाई प्राप्त तथाङकको व्याख्या विश्लेषण गर्न तालिकाको प्रयोग गरिएको छ । योअध्ययन सामुदायिक विद्यालयका शिक्षकको पेशागत सन्तुष्टिसँग सम्बन्धित रहेको छ ।

कुनै पनि सङ्गठनमा रहेर त्यहाँ कार्यरत कामदारहरूले कार्य सम्पादनका लागि आवश्यक पर्ने उत्प्रेरणात्मक शक्ति बढाउनकालागि संस्थामा रहेर काम गरेवापत पाउने सन्तुष्टिलाई कार्य सन्तुष्टिकारूपमा लिने गरिन्छ । कार्यालयमा कार्यरत कामदारहरूले काम गरेवापत आशा गरेअनुसार प्रतिफल गर्नका लागि  गर्ने अवस्थालाई नै कार्य सन्तुष्टि भनिन्छ ।

शिक्षण पेशाप्रति शिक्षकहरूको सन्तुष्टिलाई प्रभाव पार्ने तत्त्वहरू सेवा सुविधा, सामाजिक मान सम्मान, आम्दानि, पारीश्रमिक, सेवाको प्रविति, तलव सुविधा, सरुवा र वढुवा, सेवा सुरक्षाको अवस्था भत्ता सुविधा, पुरस्कार र तालिम रहेका छन् ।

## ४.१ शिक्षकको पेशागत सन्तुष्टिको अवस्था

शिक्षकहरूमा आफूले गरेको शिक्षण पेसा प्रति के कस्तो धारणा, विचार, विश्वास र सन्तुष्टि लिएका छन् । शिक्षण पेसामा शिक्षकहरूको नियमितता कस्तो रहेको छ, शिक्षकले आफ्नो पेशाप्रतिको भावनामा कर्तव्यनिष्ठ लगनशील छ  छैन  शिक्षण पेसाप्रति

शिक्षकहरूको सन्तुष्टि पत्ता लगाउन निम्नअनुसार तालिकामा प्रस्तुत गरी व्याख्या विश्लेषण गरिएको छ ।

४.१.१ नमुना विद्यालयमा अध्ययनरत शिक्षकहरूको विवरण

बुद्धशान्ति गाउँपालिकामा रहेको सुन्दरहरैचा न.पा. अन्तर्गत पर्ने नमुना विद्यालयहरूमा कार्यरत शिक्षकहरूको सन्तुष्टिको अवस्थालाई निम्न अनुसार प्रस्तुत गरिएको छ ।

तालिका १ : नमुना शिक्षकहरूको सन्तुष्टिको विवरण

| विद्यालयको नाम | शिक्षकहरूको सङ्ख्या | नमूना छनोट गरिएका शिक्षकहरूको सङ्ख्या | नमुना शिक्षकहरूको प्रतिशत | सन्तुष्टिहुनेको सङ्ख्या | सन्तुष्टिहुनेको प्रतिशत | असन्तुष्टिहुनेको सङ्ख्या | असन्तुष्टिहुनेको प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| श्री शिक्षा निकेतन मा.वि. | २१ | ४ | १९.०४ | ३ | ७५ | १ | २५ |
| श्री पञ्चायत मा.वि. | ३० | ४ | १३.३३ | २ | ५० | २ | ५० |
| श्री साजिलाल मा.वि. | २० | ४ | २० | २ | ५० | २ | ५० |
| श्री मृगौलिया मा.वि. | २३ | ४ | १७.३९ | ३ | ७५ | १ | २५ |
| जम्मा | ९४ | १६ | ६९.७६ | १० | ६२.५० | ६ | ३७.५० |

स्रोत : स्तलगत अध्ययन २०७४

प्रस्तुत तालिका अनुसार शिक्षा निकेतन मा.वि.मा जम्मा २१ जना शिक्षकहरू रहेका छन् । जसमा ४ जना १९.०४ प्रतिशत नमुना जनसङ्ख्या रहेको छ । जसमध्ये शिक्षण पेशामा सन्तुष्ट हुने शिक्षकहरूको सङ्ख्या ३ जना ७५ प्रतिश रहेको छ । शिक्षण पेसामाअसन्तुष्ट

हुने शिक्षकरूको सङ्ख्या १ जना २५ प्रतिशत  रहेको छ । तालिकामा प्रस्तुत तथ्याङ्क अनुसार शिक्षा निकेतन मा.वि.मा असन्तुष्टि हुने शिक्षककहरूको सङ्ख्या भन्दा सन्तुष्टि हुने शिक्षककहरूको सङ्ख्या बढी रहेको देखिन्छ ।

सुन्दरहरैचा न.पा.अन्तर्गत पर्ने नमुना छनोटमा परेको अर्को विद्यालय पञ्चायत मा. वि. मा शिक्षककहरूको शिक्षककहरूको सङ्ख्या ३० जना रहेको छ । शिक्षककहरूको नमुना जनसङ्ख्या ४ जना १३.३३प्रतिशत रहेको छ। शिक्षण पेशाप्रति सन्तुष्ट हुने शिक्षककहरूको सङ्ख्या २ जना ५० प्रतिशत  रहेको छ।  आफ्नो पेशाप्रति असन्तुष्ट हुने शिक्षकको सङ्ख्या पनि २ जना ५० प्रतिशत रहेको छ।पञ्चायत मा.वि.मा अध्ययन गरिएको तथ्याङ्क अनुसार शिक्षण पेशामा सन्तुष्ट हुने शिक्षककहरूको सङ्ख्या ५० प्रतिशतरहेका छ र असन्तुष्ट हुने शिक्षकको सङ्ख्या पनि ५० प्रतिशत नै रहेको देखिन्छ । उत्तविद्यालयमा शिक्षण पेशाप्रति सन्तुष्ट हुने र असन्तुष्ट हुने शिक्षककहरूको सङ्ख्या बरावर रहेको पाइयो ।

त्यस्तै गरेर साजिलाल मा. वि. मा जम्मा २० जना शिक्षक रहेका छन् । उक्त विद्यालयमा  नमुना छनेटमा परेका जनसङ्या ४ जना२० प्रतिशत रहेको पाइयो । उक्त २० प्रतिशत जनसङ्ख्या मध्ये आफ्नो पेशामा सन्तुष्ट हुने शिक्षककहरूको सङ्ख्या  २ जना ५० प्रतिशत रहेको छ ।  असन्तुष्ट हुने शिक्षककहरूको सङ्ख्या पनि  २जना नै रहेको छ अथवा ५० प्रतिशत नै रहेको देखिन्छ । यस विद्यालयमा  शिक्षण पेशाप्रति सन्तुष्ट हुने शिक्षक र असन्तुष्ट हुने शिक्षककहरूको सङ्ख्या वरावर नै रहेको पाइयो ।

मृगौलिया मा.वि.मा जम्मा शिक्षककहरूको सङ्ख्या २३ जना रहेको छ । जसमा नमुना छनोटमा परेका शिक्षककहरूको सङ्ख्या ४ जना १७.३९प्रतिशत रहेको देखिन्छ । उक्त विवरण अनुसार १७.३९प्रतिशत जनसङ्ख्या मध्ये शिक्षण पेसामा सन्तुष्ट हुने शिक्षकरूको सङ्ख्या ३ जना अथवा७५प्रतिशत रहेको छ । शिक्षण पेसामा असन्तुष्ट हुने शिक्षकरूको सङ्ख्या १ जना वा  २५ प्रतिशत रहेको पाइयो । मृगौलिया मा.वि.मा शिक्षण पेशाप्रति असन्तुष्ट हुने शिक्षककहरूको सङ्ख्या भन्दा शिक्षण पेशाप्रति सन्तुष्ट हुने शिक्षककहरूको सङ्ख्या बढी रहेको पाइन्छ । समग्रमा हेर्दा जम्मा नमुना छनोटमा परेका शिक्षककहरू १६ जना १७ प्रतिशत रहेको छन् । जसमा सन्तुष्ट हुने शिक्षकको सङ्ख्या १० जना ६२.५० प्रतिशत रहेको छ भने असन्तुष्ट हुने शिक्षककहरूको सङ्ख्या ६ जना ३७.५० प्रतिशत रहेको छ । समग्रमा हेर्दा

शिक्षण पेशामा पर्याप्त मात्रामा सेवा सुविधा भएता पनि अधिकाशं शिक्षकहरू शिक्षण पेशाप्रति असन्तुष्ट रहेका छन् ।

यसरी हेर्दा शिक्षण पेशामा राज्यले निवृतिभरण, उपचार खर्च, उपदान, पोषक, चाडपर्व खर्च, काज तथा दैनिक भ्रमण भत्ता उपलव्ध गराएता पनि केहि शिक्षकहरू आफ्नो पेशाप्रति असन्तुष्ट रहेको पाइयो ।

### ४.१.२ शिक्षण पेशाप्रतिको शिक्षकहरूको दृष्टिकोण

शिक्षण पेशााप्रति शिक्षकहरूको दृष्टिकोण अध्ययन गर्दा सन्तुष्ट रहेका शिक्षकहरू मध्येबाट एकजना शिक्षकको धारणा प्रस्तुत गरिएको छ र त्यहि धारणका आधारमा व्याख्या विश्लेषण गरिएको छ । नेपालमा शिक्षक निजामति कर्मचारी, अस्थायी, राहत, करार, सका, निजी शिक्षक जस्ता सरकारी कर्मचारी रहेका छन् । उनीहरूको दैनिकि वेरोजगार मानिसहरूको भन्दा सहज तरिकाले चल्छ । विना रोजगारिका मानिसहरू घर चलाउन नसकेर वैदेसिक रोजगारको खोजिमा बिदेसिनु पर्ने बाध्यता छ । सरकारी कर्मचारिहरू राज्यलाई दिनमा ६/७ घण्टाको समय  काम गरेर पूरा महिनाको परीश्रमिक र १ वर्षमा १३ महिनाको पारिश्रमिक पाउँछन् । उपचर खर्च, उदान, निवृत्तभरणन पाउँछन् । अरुव्यक्तिले जीवन धान्नका लागि अन्य पेशा अपनाउनुपर्ने बाध्यता छ । भोलिका देशका कर्णदार आजका बालबालिकाहरू हुन् । उनीहरूलाई सहि दिशामा डोऱ्याउन, समाजमा व्यप्त कुसंस्कार र कुरीतिलाई हटाउन, उन्नत सुसंस्कृत र शिक्षित समाज निर्माणमा शिक्षकको नै अग्रणी भूमिका रहन्छ । देशमा जतिपनि दक्ष जनशक्ति उत्पादन भएका छन् त्यसमा शिक्षकहरूकै देन छ भन्ने शिक्षकहरूको भनाई छ । शिक्षण पेशा यस्तो पेशा हो जसले समुदायसँग प्रत्यक्ष सम्बन्ध राख्दछ । यस्ता कारणले गर्दा शिक्षण पेशा पवित्र पेशा हो भन्ने शिक्षकहरूको भनाइ छ ।

शिक्षण पेशाप्रतिको सन्तुष्टिको बिषयमा (काल्पनिक नाम) रमेश नामक शिक्षकको भनाई यस्तो छ ।

> विगत १२वर्ष देखी म शिक्षण पेशामा आबद्ध छु । म विद्यालय समय भरी विद्यार्थीसँग रमाउँछु । विद्यार्थीलाई साथी जस्तो व्यवहार गर्छु र म सँग घनिष्ट बन्न चाहन्छन् यसले गर्दा शिक्षण गर्न सहज हुने र  विद्यार्थीहरूले पनि सजिलै जिज्ञासा राखी नयाँ विषयमा छिटै प्रस्ट हुन्छन् । विदाको दिन विताउन गारो लाग्छ । यही पेशाले नै घर खर्च चलाइ छोरा छोरीको भविष्य उज्वल बनाइयो । बालबालिकालाई असल नागरिक बनाउने जिम्मा राज्यले हामीलाई दिएको छ । यस्तो मौका अरुले पाउँदैनन् । राम्रो बीउ रोप्यो भने राम्रो फल मिल्छ भन्ने चलन छ । भोलिका देशका कर्णधारलाई असल नागरिक बनाउने जिम्मा हामीमा छ । यो त गौरवको कुरा हो । समुदायमा भएका ससाना विवादहरूमा पनि हामीलाई अगुवाइ हुने अवसर प्राप्त हुन्छ । समाजमा उत्तिकै मान, सम्मान र इज्यत छ । म त शिक्षण पेशामा रमाउँछु । अवकास भएपछि घर बसी बसी पेन्सन खाइन्छ । यस पेशामा सेवा सुविधा उपयुक्त तलव, विदा र अवसर उत्तिकै मात्रमा रहेका छन् । सामाजिक मान सम्मान र आम्दानी मात्र नभएर समय समयमा तालिम दिने व्यवस्था रहेको छ । तालिमले शिक्षकको शिक्षण सम्बन्धि सीपको विकास साथै शिक्षकको योग्यताको अभिवृद्धि पनि गर्दछ । प्र.अ.ले समय समयमा शिक्षकहरूलाई शिक्षण कार्य राम्रो भएकोमा पुरस्कार दिने गर्नु भएको छ । चौमाषिक रूपमा तलव दिएपनि मलाई त तिरतिरे धारो भन्दा जमेको पोखरी नै ठीक लाग्छ ।

शिक्षकका अनुसार शिक्षकहरूलाई पेशाप्रति सन्तुष्ट प्रदान गर्ने तत्त्वहरूमा समाजबाट प्राप्त गर्ने मान प्रतिष्ठा, सेवाको बखत र निवृतिभरण भइसकेपछि पाउने सेवा सुविधा नै मुख्य तत्त्वका रूपमा रहेका छन् । यस भनाइमा शिक्षकले सामाजिकिकरण, तलव, मान प्रतिष्ठा, सेवा सुविधा, निवृतिभरण जस्ता सकरात्मक पक्षलाई मात्र आधार मानेर सन्तुष्टि महसुस गरेका छन् ।भने धेरै खट्नु पर्ने, बढि अध्ययन गर्नु पर्ने अपजसिलो,चौमासिक रूपमा मात्र तलव पाउँनु जस्ता नकरात्मक पक्षलाइ वास्ता गरेको पाइदैन ।

यसैगरी नमुना छनोटमा परेका १६ जना शिक्षकहरू मध्ये ६ जना शिक्षकहरू आफ्नो पेशा प्रति असन्तुष्ट रहेका छन् । उनीहरूका अनुसार शिक्षण पेशा जुनसुकै ठाउँमा गएर शिक्षण गर्नु पर्छ तर निजामति कर्मचारीले सुगम ठाउँमा पाउँछन् समाजमा मान सम्मान प्रतिष्ठा कम हुन्छ । निजामति कर्मचारी सरह नत तलव छ, नत वढुवाको व्यवस्था छ, जुन तहमा कार्यरत आफ्नो सेवा अवधिको अन्त्य सम्ममा पनि त्यहि तहमा हुने श्रेणी बढुवा मात्र हुने तह बढुवा नहुने व्यबस्था छ । यस्ता विविध कारणले गर्दा राज्य पक्ष लगायत निजामति कर्मचारीले शिक्षकलाई तल्लो दर्जाको रूपमा हेर्ने गरेको गुनासो छ ।अहिले बुढा बुढी हुँदा पाउने सहारा पनि कट्टा गरिदियो, कतै सरुवा गर्न खोज्दा पनि राजनिनि चल्छ । पैसामा चल्छन्  व्यवस्थापन  समिति निस्पक्ष निर्णय हुदैन भन्ने गुनासो रहेको छ ।

शिक्षण पेशाप्रतिको असन्तुष्टिको विषयमा एकजना शिक्षकको भनाइ यस्तो छ ।

म ४० वर्षको भए । विगत७ वर्ष देखी यस विद्यालयमा अस्थायी दरवन्धीमा कार्यरत छु । राज्य
अस्थाइ शिक्षकहरूलाई सेवाबाट हटाउने कुरा गरिरहेको छ । आन्तरिक परीक्षा गराएर स्थायी गराउ
कुरा छ , खै यो पनि होला जस्तो छैन् । आवेदन दिने उमेर पनि गइसक्यो । उमेर छउन्जेल शिक्ष
सेवा आयोगले विज्ञापन खुलाएन । जागिरबाट हटेपछि के गर्ने भन्ने कुनै ठेगान छैन । अभिभावकह
शिक्षकले पढाएनन् भन्ने गुनासो मात्र गर्छन् । आफ्ना नानिहरूले पढाइमा कतिको ध्यान दिदैछन्
आफूले पढाइमा कतिको सहयोग गरेको छु भनेर कैले सोच्दैनन् । शिक्षकप्रति समुदायको नकारात्म
दृष्टिकोण छ । राज्य पक्षले गर्ने व्यवहार पनि त्यस्तै छ । पेशागत हकहितका लागि आन्दोलन नै ग
पर्ने बाध्यता छ । शिक्षकहरूलाई दिदै आएको सुविधा निजामति कर्मचारी सरह छैन । कक्षाकोठामा गए
पढाउने जाँगर पनि हराउँदै गएको छ ।

शिक्षकहरूकाअनुसार शिक्षकहरू शिक्षण पेशाप्रति असन्तुष्ट हुनुमा विभिन्न तत्त्वहरू जिम्मेवार रहेको देखिन्छ । विशेषगरी शिक्षकप्रति समुदायको नकरात्मक दृष्टिकोण हुनु, सेवा सुविधामा भएको वार्षिक बृद्धि, उपयुक्त नहुनु, पारिश्रमिले शिक्षकहरूलाई जीवन धान्न मुस्किल हुनु, तालिमको उचित प्रबन्ध नहुनु, अस्थायी शिक्षकहरूको पेशाको ग्यारेन्टी नहुनुका साथै स्थायी शिक्षक सरह सुविधा नपाउनु रहेको छन् ।

### ४.१.३ सन्तुष्टि र असन्तुष्टिको अबस्था

शिक्षकहरूको शिक्षणप्रतिको सन्तुष्टि र असन्तुष्टि पहिचन गर्न आठ ओटा पक्षमा शिक्षण प्रतिको धारणासँग सम्बन्धित तथ्याङ्क सङ्कलन गरिएको छ । यी पक्षलाइ तल तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका २: सन्तुष्टि र असन्तुष्टिको अबस्थाप्रति शिक्षकहरूको धारणा

| क्र स | बिषयवस्तु | पूर्ण सन्तुष्ट | | सन्तुष्ट | | सामान्य सन्तुष्ट | | असन्तुष्ट | | पुर्ण असन्तु | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रति त |
| १. | राज्यले दिने सेवा सुविधा | ० | ० | १ | ६.२५ | ५ | ३१.२५ | ६ | ३७.५ | ४ | [illegible] |
| २. | विद्यालयले उपलब्ध गरेका शैक्षिक सामग्री | ० | ० | ५ | ३१.२५ | ८ | ५० | ३ | १८.७५ | ० | |
| ३. | शिक्षकलाई गरिने मुल्याङ्कन् प्रणाली | १ | ६.२५ | १० | ६२.५ | ४ | २५ | १ | ६.२५ | ० | |
| ४. | भौतिक पूर्वाधार | ० | ० | १० | ६२.५ | ४ | २५ | २ | १२.५ | ० | |
| ५. | विद्यालयको आचार संहिता | ० | ० | ९ | ५६.२५ | ६ | ३७.५ | १ | ६.२५ | ० | |
| ६. | तालिम | ० | ० | ११ | ६८.७५ | ३ | १८.७५ | २ | १२.५ | ० | |
| ७. | विद्यालयको भौतिक संरचना | २ | १२५ | ६ | ३७.५ | ८ | ५० | ० | ० | ० | |
| ८. | पाठ्यक्रम तथा पाठ्यपुस्तक | ० | ० | ५ | ३१.२५ | ५ | ३१.२५ | ४ | २५ | २ | १[illegible] |
| ९. | जम्मा | ३ | १८.७५ | ५६ | ३५० | ४३ | २६८.७५ | १९ | ११८.७५ | ६ | ३[illegible] |

स्रोत : स्थलगत अध्ययन २०७४

तालिका २ लाई अध्ययन गर्दा शिक्षकहरूको पेशाप्रतिको धारणा विभिन्न चरणमा विभाजन भएको पाइन्छ। राज्यले दिने सेवा सुविधाका सन्दर्भमा पूर्ण सन्तुष्ट हुने सङ्ख्या नरहेको, ६.२५ प्रतिशत सन्तुष्ट रहेको, ३१.२५ प्रतिशत सामान्य सन्तुष्ट रहेको, ३७.५ प्रतिसत असन्तुष्ट रहेको पाइयो। त्यस्तै गरेर विद्यालयले उपलब्ध गरेका शैक्षिक सामग्रीका पक्षमा पूर्ण सन्तुष्ट हुने सङ्ख्या नरहेको, ३१.२५ प्रतिशत सन्तुष्ट रहेको, ५० प्रतिशत सामान्य सन्तुष्ट रहेको र १८.७५ प्रतिशत पूर्ण असन्तुष्ट रहेको पाइयो। शिक्षकलाई गरिने मूल्याङ्न प्रणालीमा ६.२५प्रतिशत शिक्षकहरू पूर्णसन्तुष्टि रहेको पाइयो, ६२.५ प्रतिशत शिक्षकहरूले सन्तुष्ट रहेको पाइयो, २५प्रतिशत शिक्षकहरूले सामान्य सन्तुष्ट रहेको र ६.२५प्रतिशत शिक्षकहरू असन्तुष्ट रहेको पाइयो। यसमा पूर्णअसन्तुष्ट कुनैपनि शिक्षक नरहेको देखिन्छ।

त्यस्तै भौतिक पूर्वाधारका सन्दर्भमा पूर्ण सन्तुष्ट हुने शिक्षक नरहेको, ६२.५प्रतिशत शिक्षकहरू सन्तुष्ट रहेको, २५प्रतिशत शिक्षकहरू सामान्य सन्तुष्ट रहेको, १२.५प्रतिशत

शिक्षकहरू असन्तुष्ट रहेको र कुनै पनि शिक्षकहरू पूर्णअसन्तुष्ट नरहेको देखिन्छ । विद्यालयको आचार समितामा पुर्ण सन्तुष्टमा कुनैपनि शिक्षकहरू रहेको पाइएन,५६.२५प्रतिशत शिक्षकहरूले सन्तुष्ट रहेको पाइयो, ३७.५प्रतिशत शिक्षकहरू सामान्य सन्तुष्ट रहेको पाइयो, ६.२५ प्रतिशत शिक्षकहरू असन्तुष्ट रहेको पाइयो र पूर्णअसन्तुष्ट हुने सङ्ख्या रहेको पाइएन । त्यस्तै तालिमका पक्षमा पूर्णसन्तुष्ट हुने शिक्षकहरूको प्रतिशत ० रहेको पाइयो, सन्तुष्ट हुने शिक्षकहरू ६८.७५ प्रतिशत रहेको, सामान्य सन्तुष्ट हुने शिक्षकहरू १८.७५ प्रतिशत रहेको,असन्तुष्ट हुने शिक्षकहरू १२.५ प्रतिशत रहेको र पुर्णअसन्तुष्टि कुनैपनि शिक्षक नरएको देखिन्छ । त्यस्तै विद्यालयको भौतिक संरचनाका सन्दर्भमा पूर्ण सन्तुष्ट हुने शिक्षकहरूको प्रतिशत १२.५ रहेको, ३७.५ प्रतिशत शिक्षकहरू सन्तुष्ट रहेको, ५०प्रतिशत शिक्षकहरू सामान्य सन्तुष्ट रहेको, असन्तुष्ट र पूर्णअसन्तुष्ट मा शिक्षकहरूको सङ्ख्या नरहेको पाइयो । पाठ्यक्रम तथा पाठ्यपुस्तकमा पूर्ण सन्तुष्ट हुने सङ्ख्या नरहेको, ३१.२५प्रतिशत शिक्षकहरू सन्तुष्टरहेको, ३१.२५प्रतिशत शिक्षकहरूसामान्य सन्तुष्ट रहेको, २५ प्रतिशत शिक्षकहरू असन्तुष्ट रहेको र १२.५प्रतिशत शिक्षकहरू पूर्णअसन्तुष्ट रहेको पाइयो । जम्मा पूर्ण सन्तुष्ट ३ जना १८.७५ प्रतिशत, सन्तुष्ट ५६ जना ३५० प्रतिशत, सामान्य सन्तुष्ट ४३ जना २६८.७५ प्रतिशत, असन्तुष्ट १९ जना ११८.७५ र सामान्य असन्तुष्ट ६ जना ३७.५ प्रतिशत रहेको पाइयो ।

समग्रमा हेर्दा शिक्षकहरू पूर्णसन्तुष्ट र पूर्ण असन्तुष्टमा कम सङ्ख्या रहेको पाइयो र सन्तुष्ट र सामान्य सन्तुष्टमा सबैभन्दा बढि सङ्ख्या रहेको पाइएको छ । राज्यले अधिकाशं रूपमा सेवा सुविधा उपलब्ध गराएता पनि ठूलो सङ्ख्यामा असन्तुष्ट हुनु भनेको दुर्भाग्य मानिन्छ । ऐन तथा नियमावलिले शिक्षकको ब्यवस्थाका सम्बन्धमा स्पष्ट निर्देशन गरे तापनि अझैसम्म शिक्षण पेशामा शिक्षकहरूको सन्तुष्टिको अवस्था न्यून नै रहेको देखिन्छ ।

### ४.१.४ तहगत आधारमा सन्तुष्टि र असन्तुष्टिको अवस्था

यस अध्ययनमा शिक्षण पेशामा संलग्न शिक्षकहरू पेशाप्रतिको दायित्व र कर्तव्यमा सन्तुष्ट छन् कि छैनन् भनी अध्ययन गर्न खोजिएको छ । शिक्षण पेशालाई शिक्षकले हेर्ने दृष्टिकोण कस्तो छ ? आफ्नो कार्यभार,विद्यार्थीको सिकाइ उपलब्धि, पेशाप्रतिको रुची र विद्यालय तथा समुदायप्रतिको आफ्नो कर्तव्य र दायित्वलाई समेट्ने गरी अध्ययन क्षेत्रमा

शिक्षकहरूको पेशागत सन्तुष्टि पहिचान गर्न प्रश्नावलिको आधारमा अभिमत सङ्कलन गरिएको छ । विद्यालयलाई तहगत रूपमा मुख्यतः आधारभुत र माध्यमिक गरी दुई तहमा विभाजन गरिएको छ । यसकारण विद्यालयमा आाधारभूत तह र माध्यमिक तहका गरी दुई तहका शिक्षकहरू अध्यापनरत छन् । उनिहरूमध्ये शिक्षण पेशाप्रति को बढि सन्तुष्ट छन् भनी  गरिएको अनुसन्धानमा ८ जना मा.वि तहका र ८ जना आधारभुत तहका शिक्षकहरू छनोट गरी तथ्याङ्क संकलन गरीएको छ । जसलाई तालिकामा निम्नानुसार प्रस्तुत गरिएको छ ।

तालिका३: तहगत रूपमासन्तुष्टि र असन्तुष्टि हुने विभिन्न पक्षहरू

| तह | सन्तुष्टि हुने पक्ष | असन्तुष्टि हुने पक्ष |
|---|---|---|
| माध्यमिक तह | तुलनात्मक रूपमा आधारभुत तहभन्दा बढी पारिश्रमिक हुनु | माथिल्लो कक्षाका वा माध्यमिक शिक्षा परीक्षाका विद्यार्थीलाई पढाउनु पर्ने हुदा बढी संवेदनशील हुनु |
| | क्याम्पस पढाउने अवसर पाउनु | तुलनात्मक रूपमा आधारभुत तहभन्दा बढी जिम्मेवारी वहन हुनु |
| | मान, प्रतिष्ठा बढी हुनु | - |
| | ट्युसन पढाउने अवसर हुनु | - |
| | प्रभावशाली शिक्षकको रूपमा चिनिनु | - |
| | तुलनात्मक रूपमा आधारभूतहका शिक्षकहरु भन्दा दक्ष भएको महसुस गर्न | - |
| आधारभुत तह | कम ज्ञान सीप हुँदा पनि शिक्षण गर्न सक्नु | सधै स-साना नानिहरूसँग बस्नुपर्ने हुँदा दिकदारी महसुस हुनु |
| | स-साना बालबालिकालाई शिक्षण गर्नु पर्ने भएका कारण बढी जिम्मेवारी नहुनु | पारिश्रमिक र प्रतिष्ठा कम हुनु |
| | - | अवकासको समय सम्म पनि तह बढुवा नहुनु |
| | - | कमजोर आर्थिक स्थिति भएको परिवारको बालबललिकालाई कपि, पेन्सिल पनि अभिभावकले नदिने हुँदा शिक्षण गर्न कठिन हुन |

स्रोत : स्थलगत अध्ययन २०७४

तालिका ३: अनुसार आधारभुत तहको तुलनामा माध्यमिक तहका शिक्षकहरू बढी सन्तुष्ट भएको पाइएको छ। माध्यमिक तहका शिक्षकहरू तुलनात्मक रूपमा दक्ष भएका कारण आफूसँग भएको ज्ञान र सीप बाँड्न पाउँदा सन्तुष्टि अनुभूति गर्दछन्। माध्यमिक तहका शिक्षकहरूले अरुको तुलनामा बढि पारिश्रमिक पाउनु,आफ्नो विद्यालय देखि बाहेक

क्याम्पसहरूमा समेत पढाउने अवसर पाउँनु, विद्यालयमा प्रभावशाली शिक्षकको रूपमा चिनिने भएकाले सामाजिक प्रतिष्ठा बढी हुनु जस्ता कारणले आधारभुत तहको शिक्षकहरूको तुलनामा माध्यमिक तहका शिक्षकहरू पेशाप्रति बढी सन्तुष्ट भएका छन् । आधारभुत तहका शिक्षकहरू असन्तुष्ट हुनुमा आर्थिक अवस्था कमजोर भएका समुदायका बालबालिकाहरू विद्यालयमा भएकाले न्युनतम शैक्षिक सामग्री कापि, पेन्सील पनि अभिभावकले दिएर नपठाउने, भएका कारणले साक्षर बनाउन गाह्रो भइरहेको  आधारभुत तहका शिक्षकहरूको तर्क छ । माध्यमिक तहका शिक्षकहरू जसरी ट्युसन पढाउने अवसर नपाउनु आफूसँग पर्याप्त ज्ञान र सीप भएपनि ज्ञान सीप हस्तानान्तरण गर्ने सीप नभएकाले आलोचित हुनु, सधै साना नानिहरूसँग बस्नुपर्ने हँदा दिक्दारी महसुस हुने विचार व्यक्त गरेका छन् ।

### ४.१.५ नियुक्तिका आधारमा सन्तुष्टि र असन्तुष्टिको अबस्था

विद्यालयमा शिक्षक सेवा आयोगले स्थायी नियुक्ति दिएका शिक्षकहरूका साथै जिल्ला शिक्षा कार्यलय र विद्यालय व्यवस्थापन समितिले विद्यालयको आवश्यकता पूरा गर्नका लागि करारमा नियुक्त गरेका शिक्षकहरु छन् । अनुसन्धानका क्रममा शिक्षकहरू छनोट गर्ने क्रममा ४ जना अस्थायी नियुक्ति पाएका शिक्षक र १२ जना स्थायी नियुक्ति पाएका शिक्षकहरू छनोट गरी उनिहरू मध्ये पेशाप्रति  को बढी सन्तुष्ट भनी अध्ययन गरीएको छ । नमुना छनोटमा परेका अस्थाई र स्थायी शिक्षकहरूको सन्तुष्टि र सन्तुष्टिको अवस्था पत्ता लगाउन शिक्षण पेशासँग सम्बन्धित ६ वटा सेवा सुविधाहरू प्रस्तुत गरीउक्त सेवा सुबिधा प्राप्त गर्ने / प्राप्त नगर्ने शिक्षकहरूको सङ्ख्यालाई तलको तालिकामा देखाइएको छ ।

तालिका ४: नियुक्तिका आधारमा सन्तुष्टि र असन्तुष्टि शिक्षकहरूको विवरण

| क्र.स | विवरण | प्राप्त गर्ने (स्थायी) | | प्राप्त नगर्ने (अस्थायी) | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १. | निवृतिभरण | १२ | ७५ | ४ | २५ |
| २. | उपचार खर्च | १२ | ७५ | ४ | २५ |
| ३. | उपदान | १२ | ७५ | ४ | २५ |
| ४. | राज्यले दिने पोषाक | १२ | ७५ | ४ | २५ |
| ५. | काज तथा दैनिक भ्रमण भत्ता | १६ | १०० | ० | ० |
| ६. | चाडपर्व खर्च | १६ | १०० | ० | ० |
| ७. | किरिया विदा | १६ | १०० | ० | ० |
| ८. | पर्व विदा | १६ | १०० | ० | ० |
| ९. | भइपरी आउने विदा | १६ | १०० | ० | ० |
| १०. | अध्ययन विदा | १२ | ७५ | ४ | २५ |
| ११. | वेतलवि विदा | १२ | ७५ | ४ | २५ |
| १२. | सुत्केरी विदा | १६ | १०० | ० | ० |
| १३. | प्रसुति स्याहार विदा | १६ | १०० | ० | ० |
| १४. | असाधारण विदा | १२ | ७५ | ४ | २५ |
| १५. | शैक्षिक भत्ता तथा सन्तति वृत्ति | १२ | ७५ | ४ | ० |

स्रोत : स्थलगत अध्ययन २०७४

तालिका नं. ४ का अनुसार नमुना छनोटमा परेका १६ जना मध्ये १२ जना शिक्षकहरू स्थायी नियुक्ति भएका र ४ जना शिक्षकहरू अस्थायी नियुक्ति भएका रहेका छन् । उक्त शिक्षकहरूमध्ये ७५ प्रतिशत शिक्षकहरूले निवृतिभरण, उपचार खर्च, उपदान र राज्यले दिने पोषाक, अध्ययन विदा, वेतलवि विदा, असाधारण विदा र शैक्षिक भत्तातथा सन्तति वृत्ति पाउने अवस्था देखिन्छ भने २५ प्रतिशत शिक्षकरू यस सेवा बाट वञ्चित छन् । त्यस्तै गरेर १०० प्रतिशत शिक्षकहरूले काज तथा दैनिक भ्रमण भत्ता, चाडपर्व खर्च,

किरिया विदा, पर्व विदा, भइपरी आउने विदा, सुत्केरी विदा, प्रसुति स्याहार विदापाउने व्यवस्था देखिन्छ । अध्ययनबाट स्थायी शिक्षकहरू नै बढी सन्तुष्ट भएको तथ्याङ्क प्राप्त भएको छ । स्थायी शिक्षकहरूलाई सेवाको बखत सञ्चय कोस,उपदान, निवृत्तिभरण, उपचार खर्च आदि सुबिधा उपलब्ध छ । बिदाको हकमा स्थायी शिक्षकहरूले असाधारण विदा अध्ययन विदा लिन पाउने साथै विरामी बिदा सञ्चित हुने व्यवस्था छ ।अस्थायी शिक्षकहरू ती सम्पूर्ण सुबिधाबाट बञ्चित हुदै आएका छन् । अस्थायी शिक्षकहरूलाई राज्यले पोषाक समेत ब्यबस्था नगरेको उनिहरूको गुनासो छ । अस्थायी शिक्षकहरूको पेशाको ग्यारेन्टी नभएकाले स्थायी शिक्षकहरूको तुलनामा अस्थायी शिक्षकहरू पेशाप्रति असन्तुष्ट रहेको पाइयो ।

यसरी हेर्दा शिक्षा नियमावली, २०५९ को आठौ संसोधन २०७१ अनुसार स्थायी शिक्षकहरूलाई राज्यले निवृतिभरण, उपचार खर्च, उपदान, पोषाक, काज तथा दैनिक भ्रमण भत्ता, चाडपर्व खर्च,किरिया विदा, पर्व विदा, भइपरी आउने विदा, अध्ययन विदा, वेतलवि विदा, सुत्केरी विदा, प्रसुति स्याहार विदा, असाधारण विदा र शैक्षिक भत्ता तथा सन्तति वृत्ति जस्ता सेवा सुविधा उपलब्ध गराउदै आएको देखिन्छ । यसरी सेवा सुविधा हुँदाहुदै पनि २५ प्रतिशत शिक्षकहरू शिक्षण पेशामा असन्तुष्ट रहेको पाइन्छ । तर अस्थायी, राहत, करार, सहयोगी कार्यकर्ताका लागि भने काज तथा दैनिक भ्रमण भत्ता, चाडपर्व विदा, किरिया विदा, पर्व विदा, सुत्केरी विदा, सुत्केरी स्याहार विदा मात्र उपलब्ध गराएको देखिन्छ । एउटै विद्यालयमा एउटै समयमा शिक्षण कार्य गरेता पनि विद्यालय वा राज्यले दुइ किसिमका नागरिकको रूपमा हेरेको पाइयो । यहि कारणले गर्दा ७५ प्रतिशत शिक्षकहरू शिक्षण पेशामा सन्तुष्ट रहेता पनि २५ प्रतिशत शिक्षकहरू आफ्नो पेशामा असन्तुष्ट रहेको पाइयो । यसरी हेर्दा अस्थायी शिक्षकहरू भन्दा स्थायी शिक्षकहरू नै बढि सन्तुष्ट रहेको पाइयो ।

## ४.२ शिक्षण पेशागत सन्तुष्टिलाई प्रभाव पार्ने तत्त्वहरू

शिक्षकको पेशागत सन्तुष्टिमा सेवाको प्रवृति, तलव सुविधा, सरुवा र वढुवा, सेवा सुरक्षाको अवस्था, भत्ता सुविधा र पुरस्कार, तालिम जस्ता तत्त्वहरूले प्रभाव पारेको हुन्छ । जसमा सकरात्मक र नकरात्मक तत्त्वहरू हुन्छन् । शिक्षकलाई पेशाप्रति सन्तुष्टि प्रदान गर्ने तत्त्व सकरात्मक तत्त्व र पेशाप्रति असन्तुष्टि प्रदान गर्ने तत्त्व नकरात्मक तत्त्व रहेको पाइयो

। नमूना छनोटमा परेका सामुदायिक विद्यालयहरूका शिक्षकको पेशागत सन्तुष्टिमा पारेका प्रभावलाई यसप्रकार विश्लेषण गरिएको छ ।

## ४.२.१सेवाको प्रवृति

शिक्षण पेशामा शिक्षकको सन्तुष्टिको अवस्था अध्ययनमा शिक्षकको सन्तुष्टिलाई प्रभाव पार्ने तत्त्वहरू निम्न रहेको पाइएको छ । प्रभावपार्ने तत्त्वहरूमा  सेवाको प्रकृति, तलव सुबिधा, सरुवा र बढुवा, सेवा सुरक्षाको अवस्था, भत्ता सुविधा र तालिम रहेको पाइयो । उक्त तत्त्वले शिक्षण पेशाा सकारात्क र नकरात्मक प्रभाव पारेको देखिन्छ । नमुना छनोटमा परेका सामुदायिक विद्यालयहरूका शिक्षकहरूको पेशागत सन्तुष्टिमा प्रभाव पार्ने तत्त्वहरूलाई बुँदागत रूपमा विश्लेषण गरिएको छ । जसलाई निम्न अनुसार प्रस्तुत गरिएको छ ।

तालिका ५: सेवाको प्रवृतिका आधारमा सन्तुष्टि र असन्तुष्टि हुने तत्त्वहरू

| क्र.स. | पक्ष | शिक्षकको सङ्ख्या | तत्त्व |
|---|---|---|---|
| १. | सन्तुष्ट | ७ | समाजिकिकरण बढि हुने |
| | | | मान सम्मान |
| | | | विदाका सुविधा |
| | | | महिला अपाङगलाई घरपायक जागिर |
| | | | ज्ञानको वृद्धि |
| २. | असन्तुष्ट | ९ | धेरै खट्नु पर्ने |
| | | | वढी अध्ययन गर्नु पर्ने |
| | | | उपयुक्त पुरस्कारको व्यवस्था नहुनु । |
| | | | वढी सेवामूखि |
| | | | अपजस |
| | | | निजामति भनिए पनि निजामति सरह नहुनु |
| | | | चौमासिक रूपमा पारिश्रमिक पाउनु |
| | | | तह वढुवा नहुने |
| जम्मा | | | १६ |

स्रोत : स्थलगत अध्ययन, २०७४

तालिका  ५ मा शिक्षण पेशामा शिक्षकहरूको सन्तुष्टि अध्ययन गर्दा शिक्षकको सन्तुष्टिलाई प्रभाव पार्ने तत्त्वहरू मध्ये सेवाको प्रकृतिलाई तालिकामा प्रस्तुत गरी अध्ययन

गरिएको छ । तालिकामा सन्तुष्ट हुने शिक्षकको सङख्या, सन्तुष्टिका तत्त्वहरू र असन्तुष्टि हुने शिक्षकको सङ्ख्या, असन्तुष्टिका तत्त्वहरू गरी दुई पक्षमा विभाजन गरी प्रस्तुत गरिएको छ । जसमा शिक्षण पेशामा सन्तुष्ट हुने शिक्षकहरूको सङ्ख्या ७ जना रहेको पाइयो भने असन्तुष्ट हुने शिक्षकहरूको सङ्ख्या ९ जना रहेको पाइयो । सन्तुष्टि हुने तत्त्वहरूमा सामाजिकिकरण, मान सम्मान, बिदाका सुविधा, महिला अपाङ्गलाई घरपायक जागिर, ज्ञानको वृद्धि रहेको पाइएको छ । भने असन्तुष्ट हुने तत्त्वहरू  धेरै खट्नु पर्ने, बढि अध्ययन गर्नु पर्ने, बढि सेवामुखि, अपजसिलो, निजामति भनिए पनि निजामति सरह नहुनु, चौमासिक रूपमा पारिश्रमिक पाउनु, तह बढुवा नहुने रहेको पाइएको छ । प्रस्तुत तालिका अनुसार शिक्षकहरूको सन्तुष्टि हुने सङ्ख्या भन्दा असन्तुष्ट हुने सङ्ख्या बढि रहेको पाइएको छ । सन्तुष्ट हुने तत्त्वहरू भन्दा असन्तुष्ट हुने तत्त्व बढी रहेको पाइएको छ ।

सन्तुष्ट हुने शिक्षकहरू स्वच्छ सेवा भावनाबाट प्रेरित भई निश्चित परीक्षा प्रणाली प्रक्रिया पूरा गरी शिक्षण पेशामा नियुक्त भएका शिक्षकहरू कम रहेको पाइयो । यस्ता शिक्षकहरूबाट प्रभावकारी शिक्षण भएको पाइयो । असन्तुष्ट हुने शिक्षकहरू शिक्षण पेशाप्रति खासै चासो नरहेको र अन्यन्त्र केहि नपाए पछि बाध्यात्मक प्रवेश गरेको बताएका छन् । असन्तुष्टि हुने शिक्षकहरूबाट प्रभावकारी शिक्षण नरहेको पाइएको छ । तुलनात्मक रूपमा शिक्षण पेशाप्रति शिक्षकहरूको सन्तुष्टिलाई प्रभाव पार्ने तत्त्वहरू मध्ये सेवाको प्रकृतिलाई अध्ययन विश्लेषण गर्दा शिक्षण पेशाप्रति सन्तुष्ट  हुने शिक्षकहरूको भन्दा असन्तुष्ट हुने शिक्षकहरूको सङ्ख्या बढी रहेको पाइयो । यसरी हेर्दा राज्यले शिक्षकहरूमा चाडपर्व खर्च, काज तथा दैनिक भ्रमण भत्ता, पोसाक, उपदान, उपचार खर्च, सञ्चयकोश, निवृतिभरण जस्ता सेवा सुविधा, दिएता पनि शिक्षकहरूमा आफ्नो पेशा प्रति असन्तुष्ट हुने सङ्ख्या बढी रहेको पाइएको छ ।

### ४.२.२ तलव सुविधा

शिक्षण पेशागत सन्तुष्टिमा प्रभावमार्ने तत्त्वहरूमा तलव सुविधालाई पनि लिइएको छ । तलव सुविधाले पनि शिक्षण पेशागत सन्तुष्टिलाई प्रत्यक्ष प्रभाव पारेको देखिन्छ । शिक्षक कर्मचारी र निजामति कर्मचारीको तलव सुविधाको बारेमा यहाँ तुलनात्मक अध्ययन गरिएको छ ।निजामति कर्मचरी र शिक्षकहरूको तलव सुविधाको तुलनात्मक अध्ययनलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ६: शिक्षक र निजामति कर्मचरीको तलव सुविधाको तुलनात्मक अध्ययन

| क.स | पद वा तह | सामुदयिक विद्यालय शिक्षक | निजामति कर्मचारी |
|---|---|---|---|
| १. | खरिदार / प्रा.वि शिक्षक | (२२,१७०×४) चौमासिक | २२,१७० मासिक |
| २. | ना.सु / नि.मा. शिक्षक | (२३,५००×४) चौमासिक | २३,५०० मासिक |
| ३. | अधिकृत / मा.वि.शिक्षक | (३०,५००×४) चौमासिक | ३०,५०० मासिक |

स्रोत : स्थलगत/कर्मचारी अभिलेख (२०७४)

तालिका ६ का अनुसार शिक्षक तथा कर्मचारीहरूको तलवको तुलनात्मक अध्ययन गर्दा शिक्षक भन्दा अन्य विभागका कर्मचारीहरूको तलव भत्ता तथा अन्य सुविधाहरू भिन्न रहेको पाइयो । शिक्षकहरूले चरित्रवान नागरिक उत्पादन गर्नुका साथै देशका दक्ष जनशक्ति उत्पादन गर्ने विशिष्ट व्यक्तिको रूपमा रहेको देखिन्छ । तुलनात्मक रूपमा शिक्षकको तलव र निजामति कर्मचारीको आधार तलवमान एउटै भएपनि निजामति कर्मचारीका अन्य सेवा सुविधाहरू घरविदाकारूपमा एक महिनाको तलव वढि रहेको पाइयो । शिक्षकले ४ महिनामा १ पटक तलव पाउछन् भने कर्मचारीले महिनै पिच्छे तलव पाएको देखिन्छ । यस किसिमको व्यवस्थाले शिक्षकहरूको पेसागत सन्तुष्टिलाई प्रभाव पारेको देखिन्छ ।स्थायी शिक्षक बाहेकका अन्य शिक्षकहरूको जागिरको कुनै सुरक्षा नभएको पाइन्छ । जसबाट हरेक समय उनीहरू आफुलाई असुरक्षित महसुस गरेको पाइयो । शिक्षकहरूको नियुक्तिको प्रकार पनि धेरै भएका कारण शिक्षकहरूको विभाजन भएको पाइन्छ ।एउटै विद्यालयमा अस्थाई शिक्षक स्थायी शिक्षक, राहत शिक्षक, काज शिक्षक रहेको र एउटै समय सम्म सेवा प्रदान गरेता पनि सेवा सुविधा एउटै नभएकाले विद्यालयमा कसैलाई काखा कसैलाई पाखा भएको पाइयो । तलव सुविधाले पेसागत सन्तुष्टिमा प्रत्यक्ष प्रभाव पारेको पाइयो ।

### ४.२.३सरुवा र वढुवा

शिक्षण पेशाप्रतिको सन्तुष्टिमा प्रभाव पार्ने तत्त्वहरूमा बढुवा र सरुवालाई पनि लिइएको छ । सरुवा हुन चाहने शिक्षकले एउटै विद्यालयमा पाँच वर्ष सेवा अवधि पुरा गरेको स्थायी शिक्षक हुनु पर्ने र तोकिएको मापदण्ड पुरा गरी नेपालको जुनसुकै विद्यालयमा पनि सरुवा हुन पाउने व्यवस्था रहेको पाइयो (नेपाल सरकार २०७२) । बढुवाको लागि राज्यले प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तहको प्रथम र द्वितीय श्रेणीको रिक्त पदहरू मध्ये २५ प्रतिशत आन्तरिक प्रतियोगितात्म परीक्षा  र ७५ प्रतिशत कार्य सम्पादन मूल्याङकनका आधारमा बढुवाद्वारा पद पूर्ति गर्ने व्यवस्था गरेको पाइन्छ । आयोगले शिक्षकलाई बढुवाको लागि सिफरिस गर्दा शिक्षकको कार्य क्षमताको आधारमा गर्ने व्यवस्था रहेको पाइन्छ । शिक्षकको कार्य क्षमताको मूल्यङ्कन गर्दा ८ वटा पक्षलाई लिइ अंक दिने व्यवस्था रहेको पाइन्छ (नेपाल सरकार २०७२) । जसलाई निम्नअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका७ बढुवाको लागि सिफारिस गर्दा मूल्याङकन गर्ने पक्षहरू

| क्र.स | विषय | अंक |
|---|---|---|
| १ | नोकरीको जेष्ठता वापत | ३५ |
| २ | शैक्षिक योग्यता वापत | २० |
| ३ | तालीम वापत | १० |
| ४ | अध्यापन गरेको सम्बन्धित विषयमा विद्यार्थीले प्राप्त गरेको उपलब्धी वापत | १५ |
| ५ | शिक्षण कार्यसँग सम्बन्धित बिषयमा अनुसन्धान गरे वापत | ५ |
| ६ | बिशेष जिम्मेवारी वापत | ५ |
| ७ | कार्य सम्पादन वापत | १० |

स्रोत : नेपाल सरकार, २०७२

तालिका ७ का अनुसार सबै भन्दा बढी अङक नोकरीको जेष्ठताका आधारमा दिइने देखिन्छ भने सबै भन्दा कम अङक शिक्षण कार्यसँग सम्बन्धित विषयमा अनुसन्धान गरे वापत र बिषेश जिम्मेवारी वापत दिइने व्यवस्था रहेकोपाइयो । माथी उल्लेखित ७ वटा पक्षलाई आधार मानी मूल्याङकन गरे पश्चात सबैभन्दा बढि अङ्क प्राप्त गर्ने शिक्षकलाई सबैभन्दा पहिला कार्य सम्पादन  बढुवाको लागि सिफरीस गर्ने व्यवस्था रहेको पाइयो ।समान अङक प्राप्त गर्ने शिक्षकको हकमा नोकरीको जेष्ठता आधारमा बढुवाको लागि सिफारिस गर्ने व्यवस्था रहेको पाइयो (नेपाल सरकार २०७४)।

सरुवा र वढुवाको बिषयमा सन्तुष्ट हुने एक जना शिक्षकको भनाई यसप्रकार रहेको छ ।

| |
|---|
| विगत ८ वर्ष शिक्षण पेशामा आवद्ध छु । म माध्यमिक तहको शिक्षक हुँ । घर पायक जागिर छ । एक पटक सरुवा गराएर यस विद्यालयमा कार्यरत छु । अव सरुवाको कुनै आवश्यकता छैन । राज्यले वढुवाको विषयमा श्रेणी वढुवा मात्र हुने तह वढुवा नहुने व्यवस्था रहेको छ । ५ बर्ष एउटै विद्यालयमा कार्यरत हुदावढुवा हुने व्यवस्था राज्यले गरेको छ । मैले यो विद्यालयमा सेवा गरेको ४ बर्ष भयो,अब एक बर्ष बाँकि छ समय पुगेपछि वढुवा पनि हुन्छ होला । राज्यले शिक्षकलाई एउटै विद्यालयमा ५ वर्ष कार्यरत हुदा वढुवा गर्ने र ५ वर्ष कार्यरत हुदा सरुवा गर्ने व्यवस्थामा म सन्तुष्टि नै छु । |

शिक्षकका अनुसार राज्यले सरुवा र वढुवामा दिएको सेवा सुविधामा सन्तुष्ट रहेको वताएका छन् । शिक्षकको भनाई अनुसार शिक्षण पेशामा शिक्षकको सन्तुष्टिलाई प्रभाव पार्ने तत्त्वहरू मध्ये सरुवा र वढुवाले सकारात्मक प्रभाव पारेको पाइयो ।

सरुवा र वढुवाको बिषयमा असन्तुष्ट हुने एक जना शिक्षकको भनाई यसप्रकार रहेको छ ।

| |
|---|
| विगत ८ वर्ष देखि म शिक्षण पेशामा आवद्ध छु । शिक्षकहरूको वढुवा ५/५ वर्षमा हुने व्यवस्था रहेता पनि आवश्यक परेमा कुनै पनि कारण खुलाइ सरुवा गर्ने व्यवस्था राज्यले गरेको छ । सरुवा गर्नु परेमा नातावाद, भनसुन, पैसा, राजनीतिले प्रभाव पार्छ । जसको भनसुन लाग्छ, पैसा खुवाउन सक्छ, पार्टी मिल्छ, उसको जुनसुकै वेला सरुवा हुन सक्छ । हामी जस्तो पैसा दिन नसक्ने र माथिल्लो तहमा आफ्नो मान्छे नभएको शिक्षकले चाहेको खण्डमा ५ बर्ष पूरा भएपनि सरुवा गराउन सकेको छैन । सरुवा नहुँदा वढुवा हुने भएपनि सन्तुष्ट हुन्थेँ तर त्यो व्यवस्था पनि छैन । वढुवा हुन पनि ५ वर्ष कार्यरत हुनुपर्छ कि त आयोगद्वारा हुने वढुवामा भाग लिनु पर्छ । आयोगद्वारा एक पटक वढुवा भएको शिक्षकले पुन आयोगद्वारा हुने वढुवामा उमेद्वार हुन पाउने व्यवस्था राज्यले दिएको छैन। शिक्षण पेशामा कार्यरत त छु तर पूर्ण सन्तुष्ट भने छैन । |

शिक्षकका अनुसार शिक्षण पेशामा सरुवा र वढुवाको बिश्लेषण गर्दा सरुवा र वढुवाले शिक्षण पेशामा नकरात्मक प्रभाव पारेको देखिन्छ । शिक्षण पेशामा वढुवा पनि श्रेणी वढुवा मात्र हुने र श्रेणी वढुवा पनि एउटै विद्यालयमा ५ वर्ष कार्यरत हुनुपर्ने हुँदा असन्तुष्टि रहेको पाइएको छ । सरुवाको लागि एउटै विद्यालयमा ५ वर्ष कार्यरत हुनुपर्ने अनि आफूले आवश्यक परेको खण्डमा ५ वर्ष नपुगे पनि सरुवा गर्न मिल्ने व्यवस्था भएपनि आफुले सरुवा नपाएकोमा शिक्षण पेशामा सन्तुष्ट नरहेको शिक्षकले वताएका छन् । यसरी हेर्दा शिक्षण पेशागत सन्तुष्टिमा सकारात्मक र नकारात्मक दुवै किसिम को प्रभाव परेको पाइयो।

### ४.२.४ तालिम

सामुदायिक माध्यमिक विद्यलयमा अध्यापन गर्ने शिक्षकहरूको शिक्षण पेशा प्रतिको सन्तुष्टिमा प्रभाव पार्ने तत्त्वहरूमा तालिमलाई पनि लिइएको छ । पेशागत दक्षता अभिवृद्धिको लागि अधिकाशं शिक्षकहरू तालिम प्राप्त भनिएता पनि विद्यालयमा कार्यरत आधारभूत तथा अन्य तहका निजि र फरक प्रक्रितिबाट नियुक्त शिक्षकहरूमा तालिम र अन्य अवस्थाबाट वञ्चित रहेको अध्ययनबाट पाइयो । तालिमका सम्वन्धमा निम्न तालिकाद्धारा शिक्षक विवरण प्रस्तुत गरिएको छ ।

तालिका : ८ पेशागत तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकहरूको विवरण

| क.स | विद्यालयको नाम | नमुना शिक्षकहरूको सङ्ख्या | तालिम प्राप्त स्थायी | | तालिम अपाप्त (निजि/राहत) | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ | शिक्षा निकेतन मा.वि | ४ | ३ | ७५ | १ | २५ |
| २ | पञ्चायत मा.वि | ४ | ४ | १०० | ० | ० |
| ३ | साजिलाल मा.वि | ४ | ३ | ७५ | १ | २५ |
| ४ | मृगौलिया मा.वि | ४ | ३ | ७५ | १ | २५ |
| ५ | जम्मा | १६ | १३ | ८१.२५ | ३ | १८.७५ |

स्रोत : स्थलगत अध्ययन २०७४

तालिका ८ का अनुसार नमुना छनोट गरिएका विद्यालयहरूको शिक्षकको अध्ययन गर्दा १३ जना शिक्षकहरू तालिम प्राप्त र ३ जना शिक्षकहरू तालिम अप्राप्त रहेका छन् । तालिम प्राप्त शिक्षकहरू ८१.२५ प्रतिशत रहेका छन् भने १८.७५ प्रतिशत शिक्षकहरू मात्र तालिम अप्राप्त रहेको पाइयो । यति धेरै तालिम प्राप्त शिक्षक शिक्षिका हुदा हुदै पनि उपलब्धीको अवस्था निरासाजनक देखिएको छ । राज्यले शिक्षा क्षेत्रमा गरेको लगानिको सहि सदुपयोग भएको पाइदैन । यसको मुख्य श्रेय शिक्षकमा जान्छ । शिक्षकको पेशागत सन्तुष्टिमा कमी भएको कारणले नै शैक्षिक सफलताको अवस्था कमजोर भएको पाइएको छ । छनोटमा परेका विद्यालयहरू सबै ग्रामिण क्षेत्रमा अवस्थित हुनाले अध्ययन पूरा गर्ने सबै शिक्षकले तालिम प्राप्त गर्न सकेका छैनन् । छनोटमा परेका विद्यालयहरूमा तालिम प्राप्त र अप्राप्त शिक्षकहरूको अवस्थालाई अध्ययन गर्दा १८.७५ प्रतिशत शिक्षकहरूमात्र तालिमको अवसरबाट बञ्चित भएको पाइयो । टि.पि.डि. तालिमले शिक्षकमा भएको सैद्धान्तिक ज्ञानलाई व्यावहारिक बनाई विद्यार्थीसम्म सरल र प्रभावकारी ढङ्गले पस्कन आवश्यक पर्ने सीपको विकास गर्न तालिमनै उपयुक्त रहेको पाइन्छ ।

## ४.२.५ शिक्षक प्रतिको सामाजिक दृष्टिकोण

नमुना छनोटमा परेका ४ वटा विद्यालयमा गरिएको अध्ययनमा शिक्षण पेशागत सन्तुष्टिमा प्रभाव पार्ने तत्त्वहरूमा शिक्षक प्रतिको सामाजिक दृष्टिकोणलाई पनि लिइएको छ । समाजले शिक्षकहरूलाई हेर्ने दृष्टिकोण सकारात्मक र नकारात्मक दुवै रहेको पाइयो । जसमा समाजले शिक्षकप्रति सकारात्मक सोच मान्ने एकजना शिक्षकको भनाई यहाँ लिइएको छ ।

शिक्षकप्रति सकारात्मक सोच मान्ने एकजना शिक्षकको भनाई यस प्रकार छ ।

> म शिक्षा निकेतन मा.वि.को शिक्षक हुँ । शिक्षण सेवा गर्दा गर्दै बुढो भइसके । गाउँघरमा सबैले मलाई मान्छन् । समाजमा राम्रै इज्जत मान सम्मान पाएको छुँ । आफूलाई शिक्षक भएकोमा गौरव लाग्छ । शिक्षण पेशामा लागेर बिभिन्न तालिमहरू लिन पाएँ १० महिने पेशागत सेवाकालिन तालिम लिएर बौद्धिक विकास र ज्ञान बृद्धि भएको महसुस गर्छु । यस्ता तालिमले बिद्यार्थी समक्ष सरल सहज र प्रभावकारी तरिकाले शिक्षण गर्न सहयोग गरेको छ । यसरी शिक्षण गर्दा बिद्यार्थीले सहजै बुज्ने र परीक्षामा राम्रो लेख्ने अनि नतिजा राम्रो आउने गरेको छ । यसको प्रभाव अभिभावक वा समाजले सकारात्मक दृष्टिकोणले हेरेको छ । म आफ्नो पेशामा सामाजिक रूपमा सन्तुष्ट छु ।

शिक्षकका अनुसार शिक्षण पेशामा संलग्न शिक्षक प्रतिको सामाजिक दृष्टिकोण सकारात्मक रहेको पाइयो । उनका अनुसार शिक्षकलाई समाजले अभिनेताको रूपमा हेरेको र सम्मान गरेकोले शिक्षक हुनुमा गौरव महसुस गरेको पाइयो ।

शिक्षक प्रतिको सामाजिक दृष्टिकोण नकरात्मक रहेको मान्ने एकजना शिक्षकको भनाई यसप्रकार रहेको छ ।

> मपञ्चायत मा.वि.को शिक्षक हुँ । शिक्षण पेशामा लागेको ७ बर्ष भयो । विद्यालय गएर पढाउन अल्छी लाग्न थालेको छ । विद्यार्थीको नतिजा कमजोर आयो भने अभिभावकहरू शिक्षकहरूले पढाएनन् भन्ने गुनासो गर्छन् । आफ्ना नानिहरूले पढाइमा कतिको ध्यान दिदैछन् र आफूले पढाइमा कतिको सहयोग गरेको छु भनेर कैले सोच्दैनन् । शिक्षकहरू प्रति समुदायको नकरात्मक दृष्टिकोण छ । समुदायमा निजामति कर्मचारीलाई मात्र कर्मचारी गन्छन्,हामी शिक्षकलाई मास्टर भन्ने शब्द प्रयोग गर्छन् । हामी शिक्षकलाई कुनै मान सम्मान नै छैन । शिक्षक पेशा छोडेर निजामति तिरै लाग्न मन लाग्छ । समुदायको नकरात्मक दृष्टिकोणले गर्दा शिक्षण कार्य गर्ने जाँगर नै हराइसक्यो ।

शिक्षकका अनुसार शिक्षण पेशामा संलग्न शिक्षकहरूको सामाजिक दृष्टिकोण नकरात्मक रहेको पाइयो । समुदाय अभिभावकले शिक्षकलाई निजामति कर्मचारी सरह नहेरेको भन्ने गुनासो शिक्षकको रहेको पाइएको छ । यसरी हेर्दा शिक्षकलाई समाजले हेर्ने दृष्टिकोण सकारात्मक र नकारात्मक दुबै रहेको पाइयो ।

## ४.२.६ शैक्षिक सामग्रीको प्रयोग र व्यवस्थापन

शिक्षण पेशाप्रति शिक्षकको सन्तुष्टिलाई प्रभाव पार्ने तत्त्वहरूमध्ये शैक्षिक सामग्रीको प्रयोग र व्यवस्थापन पनि रहेको छ । नमुना छनोटमा परेका शिक्षकहरू मध्ये शैक्षिक सामग्रीको प्रयोग र व्यवस्थापनले सकारात्मक प्रभाव पारेको वताउने एक जना शिक्षक र नकरात्मक प्रभाव पारेको वताउने एकजना शिक्षक गरी दुई जना शिक्षकको धारणा यहाँ प्रस्तुत गरीएको छ ।र सोही धारणाका आधारमा व्यख्या र विश्लेषण गरीएको छ ।

शिक्षण पेशाप्रतिको सन्तुष्टिमा शैक्षिक सामग्रीको प्रयोग र व्यवस्थापनले सकरात्मक प्रभाव पारेको वताउने एकजना शिक्षकको भनाई यसप्रकार रहेको छ ।

ममृगौलिया मा.वि को शिक्षक हुँ । शिक्षण पेशामा लागेको पनि वर्षौ भयो । म नेपालि बिषयको शिक्षक हुँ । नेपाली बिषय पढाउँदा शैक्षिक सामग्रीको कमै प्रयोग हुन्छ । शैक्षिक सामग्रीको प्रयोग विना विद्यार्थी विषयवस्तुमा स्पस्ट हुदैनन् भन्ने कुरामात्र हो । दैनिकरूपमा पनि शैक्षिक सामग्री प्रयोग गरीरहनु पर्दैन तर पनि विद्यार्थीहरूले मेरो विषयमा राम्रै प्रतिफल प्राप्त गरेका छन् । शैक्षिक सामग्री प्रयोग पछि व्यवस्थापन गर्ने एउटा कोठा छ । विद्यालयले शैक्षिक सामग्री उपलव्ध गराउने भएकाले शैक्षिक सामग्री प्रयोग र व्यवस्थापनमा त्यस्तो समास्या नै छैन । शैक्षिक सामग्रीको प्रभाव राम्रै छ ।

शिक्षकका अनुसार शिक्षण पेशाप्रतिको सन्तुष्टिमा शैक्षिक सामग्रीको प्रयोग र व्यवस्थापनले सकारात्मक प्रभाव पारेको पाइयो । शैक्षिक सामग्रीको कम प्रयोग हुने र प्रयोग र व्यवस्थापनमा पनि समस्या नरहेको पाइयो । आवश्यक शैक्षिक सामग्री विद्यालयले नै उपलव्ध गराउने भएकाले प्रयोग र व्यवस्थापनमा कुनै कठिन नरहेको पाइयो ।

शिक्षण पेशाप्रति शैक्षिक सामग्रीको प्रयोग र व्यवस्थापनले नकारात्मक प्रभाव पारेको बताउने एकजना शिक्षकको भनाई यसप्रकार छ ।

म शिक्षण पेशामा लागेको ८ वर्ष भयो । म सामाजिक विषयको शिक्षक हुँ । शिक्षण कार्य गर्न विषयवस्तु अनुसार फरक फरक शैक्षिक सामग्रीको आवश्यकता हुन्छ । विद्यालयमा शैक्षिक सामग्री त छन् तर पुराना पाठ्यक्रममा आधारित छन् । नयाँ नयाँ पाठ्यक्रममा

आधारित शैक्षिक सामग्री नहुँदा शिक्षण गर्न कठिनाई भएको छ । सामाजिक बिषयमा समसामयिक घटनाहरूलाई दर्शाउनु पर्ने हुन्छ । सोही अनुसारको शैक्षिक सामग्री नै छैन । भएका केही शैक्षिक सामग्री पनि प्रयोग गर्न उपयुक्त ठाउँ नै छैन । र प्रयोग पश्चात व्यवस्थापनमा पनि समस्या छ । अरू बिषयको शिक्षकले चासो देखाउनु हुन्न, प्र. अ. ले पनि वास्ता नगर्दा वाक्क लाग्छ । पर्याप्त मात्रामा समय सामहिक शैक्षिक सामग्री भएमा शिक्षण पनि प्रभावकारी हुन्थ्यो ।

शिक्षकका अनुसार शैक्षिक सामग्रीको प्रयोग र व्यवस्थापनमा समस्या रहेको पाइयो । समय सामयिक विषयवस्तुमा आधारित शैक्षिक सामग्री नहुनु, प्रयोग र व्यवस्थापनमा समस्या हुनु, र प्र.अ. लगायत अन्य शिक्षकले चासो नदेखाउनु जस्ता कुराले शिक्षण पेशागत सन्तुष्टिमा नकरात्मक प्रभाव पारेको पइयो।

यसरी हेर्दा शिक्षण पेशागत सन्तुष्टिमा प्रभाव पार्ने तत्त्वहरू मध्ये शैक्षिक सामग्रीको प्रयोग र व्यवस्थपनले सकारात्मक र नकारात्मक दुबै प्रभाव पारेको देखिन्छ ।

## ४.३ शिक्षकको पेशागत सन्तुष्टिमा देखिएका समस्याहरू समाधानका उपायहरू

यस अनुसन्धानमा मोरङ जिल्लाको सुन्दरहरैचा न.पा. भित्र पर्ने ४ वटा विद्यालयमा शिक्षण पेशाप्रतिको शिक्षकको सन्तुष्टिको अवस्था पहिचान गर्न तयार पारेको शोधपत्र हो । यहाँ अध्ययनको क्रममा विद्यालयमा शिक्षण पेशाप्रति शिक्षकको सन्तुष्टि शीर्षकमा गरिएको अध्ययनमा विभिन्न समस्याहरू रहेको पाइयो । शिक्षण पेसामा जनसहभागिता बुद्धि गर्न र शिक्षण पेशा प्रतिको नकरात्मक दृष्टिकोण अन्त्य गर्न, शिक्षण पेशा प्रतिको शिक्षकहरूको सन्तुष्टिमा देखिएका समस्याहरूलाई निराकरण गर्नु पर्दछ । शिक्षण पेसाप्रति शिक्षकहरूको सन्तुष्टिमा देखिएका समस्याहरू हटाउन निम्न उपायहरू अवलम्बन गर्न सकिन्छ ।

### ४.३.१.निजामति कर्मचारी सरह शिक्षकलाई पनि वढुवा गर्नु पर्ने

शिक्षण पेशाप्रति शिक्षकको सन्तुष्टिमा देखिएका समस्याहरू समाधान गर्न निजामति कर्मचारी सरह शिक्षकलाई पनि वढुवा गर्नु पर्ने देखिन्छ । शिक्षकहरूलाई श्रेणी वढुवा मात्र हुने र निजामति कर्मचारीको तह वढुवा हुने व्यवस्था भएकाले शिक्षकमा पेशागत सन्तुष्टिमा असन्तुष्ट हुने समस्या देखिएको छ । राज्यले पनि शिक्षकलाई वढुवाको सन्दर्भमा निजामति कर्मचारी सरह सेवा सुविधा नदिएको पाइयो । यस्तो असमानतालाई समानतामा परिणत गर्दा सन्तोषको भावना जागृत हुन्छ । एउटै योग्यता भएका शिक्षक तथा कर्मचारीमा एक

अर्कामा सरुवा बढुवाको प्रकृयामा फरक हुँदा पेशाप्रति शिक्षकको झुकाव राम्रो नबन्न सक्छ । सरुवा वढुवाको व्यवस्थित प्रकृया निजामति कर्मचारी र शिक्षक कर्मचारीमा समान रूपमा हुनु पर्दछ । शिक्षकहरुमा माथिल्लो योग्यता मा.वि.को भएता पनि प्रा.वि. तहबाट फड्को मारी मा.वि.तह सम्म पुग्न सकिदैन, यसबाट माथिल्लो योग्यता शिक्षक वा आफूलाई योग्यता अनुसार काम नपाउँदा पेशागत सन्तुष्टिमा असर पर्छ । शिक्षक यस्तो असमानता हटाएर समानता होस् भन्ने चाहाना तर्फ उन्मूख रहन्छ । राज्यले पनि निजामति कर्मचारी र शिक्षक कर्मचारी बीच भएको बढुवा प्रक्रियालाई समानता गराउनु पर्दछ । जसले गर्दा शिक्षकमा पनि आफ्नो पेशा प्रतिको असन्तुष्टि हटाएर सन्तुष्टि प्राप्त गर्न सकुन् । यस किसिमको व्यवस्था राज्यले गर्नु पर्दछ ।

## ४.३.२ स्थायी शिक्षक सरह अन्य शिक्षकलाई सेवा सुविधा प्रदान गर्नुपर्ने

एउटै विद्यालयमा एउटै समयसम्म शिक्षण सेवा गर्ने शिक्षकहरूमा सेवा सुविधाहरूमा असमानता रहेको पाइन्छ । शिक्षण पेशाप्रति शिक्षकको सन्तुष्टिमा देखिएका समस्याहरू समाधान गर्न स्थायी शिक्षक सरह अन्य शिक्षकलाई सेवा सुविधा प्रदान गर्नुपर्ने हुन्छ । स्थायी शिक्षकलाई राज्यलृ प्रदान गर्दै आएका निवृतिभरण, उपचार खर्च, उपदान, राज्यले पोषक, काज तथा दैनिक भ्रमण भत्ता, चाढपर्व खर्च, किरिया विदा, पर्व विदा, भइपरी आउने विदा विदा, प्रसुति विदा, प्रसुति स्याहार विदा,जस्ता सेवा सुविधाअस्थायी शिक्षक, राहत शिक्षक,करार शिक्षकहरूलाई पनि राज्यले प्रदान गरिनु पर्ने हुन्छ । जसबाट शिक्षकहरूमा सन्तोष भावना जागृत भई शिक्षण प्रभावकारी वनाउन सक्दछ । स्थायी शिक्षकलाई प्रदान गराउँदै आएको भत्ता, पुरस्कार सरुवा, वढुवा अन्य शिक्षकलाई पनि प्रदान गराउनु पर्ने देखिन्छ । समान योग्यता भएको र समान समयसम्म सेवा प्रदान गराउने शिक्षकमा फरक फरक सेवा सुविधा रहेकाले यस्तो असमानता हटाउन राज्यले नै पहल गर्नपर्ने देखिन्छ । यस्ता शिक्षकहरूलाई तह श्रेणी अनुसार समान सेवा सुविधा प्रदान गर्नसकेमात्र शिक्षकले सेवामा निरन्तरता दिन सक्ने अवस्था रहन्छ । अनि मात्र शिक्षकहरू आफ्नो सेवामा टिकिरहने अवस्था रहन्छ ।

### ४.३.३ शैक्षिक सामग्रीको प्रयोग र व्यवस्थापन

शैक्षिक सामग्री प्रयोग र व्यवस्थापनमा देखिएका समस्याहरू समाधान गर्न शैक्षिक सामग्रीको उचित प्रयोग र व्यवस्थापन गर्नु पर्ने देखिन्छ। प्रयोग र व्यवस्थापनमा सुधार गर्नुपर्ने देखिन्छ। शैक्षिक सामग्री पनि नयाँ नयाँ पाठ्यक्रममा आधारित हुनुपर्ने देखिन्छ। प्रविधिको विकास सगै शैक्षिक सामग्री समय सापेक्ष हुनुपर्दछ। विद्यार्थीको माग के हो, नयाँ प्रविधि र पाठ्यक्रमलाई विद्यार्थीले सहज कसरी बुझ्न सक्छन् त्यस्तै प्रकृतिको शेक्षिक सामग्री प्रयोग गरेमा शिक्षण क्रियाकलाप पनि प्रभावकारी रहने देखिन्छ। नविनतम विधुतिय सामग्री पनि प्रयोग गर्नुपर्ने हुन्छ। शैक्षिक सामग्री प्रयोगमा सुधार गर्न विद्यालयका प्रधानाध्यपक सम्पूर्ण शिक्षकहरूले अभिभावकहरूले पनि चासो देखाउनु पर्ने हुन्छ। सामग्री प्रयोगमा कुन बिषयमा कुन सामग्री आवस्यक छ त्यो कुरा शिक्षकले प्र.अ.लाई भनी आवस्यक अनुसारको शैक्षिक सामग्री सही तरिकाले प्रयोग गर्नुपर्ने हन्छ। त्यस्तै गरी प्रयोग गरीसकेपछि व्यवस्थापन पनि आवश्यक हुन्छ। विद्यालयको भौतिक संरचना पनि शैक्षिक सामग्रीमैत्री हुन आवश्यक देखिन्छ। शिक्षक परिवारबाट विद्यालयमा के, कस्ता, कति मात्रामा कुन प्रकारको सामग्री छ सो कुराको छलफल वैठक एकिन गर्ने, ती सामग्रीको कसरी संरक्षण गर्ने, विद्यालयमा भएका स्रोत साधनको उपयमेग गरी कसरी सहि मात्रमा भण्डारण गर्न सकिन्छ उपयुक्त विकल्पको खोज गरी व्यवस्थापन कार्यको प्रारम्भ गर्ने, शिक्षक परिवार वाटनै विद्यालयलाई के कति शैक्षिक सामग्रीहरू खरिद तथा संकलन गर्नु पर्ने हो सो को खाका तयार गरी व्यवस्थापन गर्नु गराउनु पर्दछ। शिक्षण पेशाप्रतिको सन्तुष्टिमा देखिएका समस्याहरू समाधानकालागि शैक्षिक सामग्रीको प्रयोग र व्यवस्थापनमा सुधार गर्नु पर्ने देखिन्छ।

### ४.३.४ तालिमको प्रभावकारी रूपमा कार्यन्वयन गराउनु पर्ने

शिक्षण पेशागत सन्तुष्टिमा देखिएका समस्याहरू समाधानका लागि तालिमको प्रभावकारी रूपमा कार्यन्वयन हुनु आवश्यक छ। वालवालिकाको मनोविज्ञान बुझेर प्रभावकारी शिक्षण गर्न विषयवस्तुहरूको प्रस्तुतिकरणमा विविधता ल्याउन र निरन्तर मुल्याङ्कन गर्न पाठ्यक्रमलाई मुख्य केन्द्रविन्दु बनाई शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गर्न शिक्षकलाई अनिवार्य तालिमको व्यवस्था गर्नुपर्दछ। राज्यले प्रदान गराउँदै आएको पुर्व सेवाकालिन तालिम प्राप्त गरिसकेका हुन्छन् भने ज्ञान र सीपलाई नविनतम समसामयिक र

अध्यावधिक गर्न गराउन पुर्नवलको रूपमा सेवाकालिन तालिम पनि शिक्षकहरूलाई आवश्यकता अनुसार उपलब्ध गराउनु पर्ने देखिन्छ । यसरी पहिला दिएका तालिमलाई पुनः स्मरण गराउन र सम्वन्धित विषयमा आएका नयाँ नयाँ ज्ञान सीप दिने पुनर्ताजगी तालिमको व्यवस्था पनि गराउनु पर्ने हुन्छ । विद्यालय तहमा अध्यापन गर्ने शिक्षक तालिम प्राप्त गर्ने शिक्षक तालिम प्राप्त भएपनि त्यसको प्रभाव कक्षा कोठा शिक्षणमा पर्न सकेको छैन । तालिममा सिकेका कुराहरूलाई कक्षा कोठामा प्रयोग गर्ने काम कमि भएको छ । शिक्षकले शिक्षण कार्यसँग सम्बन्धित क्रियाकलाप गर्न, अध्ययन अनुसन्धान गर्न स्थलगत सर्वेक्षण गर्न, अवसर प्राप्त हुनु पर्दछ । राज्यले प्रधान गर्दै आएको टि.पि.डि. तालिमले शिक्षकमा भएको सैद्धान्तिक ज्ञानलाई व्यावहारिक वनाई विद्यार्थी समक्ष सरल प्रभावकारी ढङ्गले पस्कन आवश्यक पर्ने सीपको विकास गर्न मद्धत गर्दछ । शिक्षकहरूले प्रभावकारी शिक्षण गर्न तालिम लिनुपर्ने व्यवस्था भएपनि सबै शिक्षकको पेशागत दक्षता विकास गर्न यो सम्भव भएको पाइदैन । राज्यले शिक्षा क्षेत्रमा गरेको लगानि सहि सदुपयोग नभएको पाइन्छ । राज्यले शिक्षा क्षेत्रमा गुणस्तर विकास गर्न दिएका तालिमहरू कार्यन्वयन सहि तरिकाले हुनुपर्दछ । तालिम दिएर मात्र हैन तालिमको प्रभाव विद्यार्थीमा पुग्ने गरी कक्षा कोठामा लागु गर्नुपर्दछ । राज्यले समय समयमा प्रदान गराउँदै आएका टि.पि.डि, मागमा आधारित तालिम, १० महिने तालिम, पुर्व सेवाकालिन तालिम, पुर्नताजगि तालिम रमाइलो सिकाई सम्बन्धि तालिम, बालमैत्री कक्षा सञ्चालन तालिम र भयरहित सिकाइ सम्बन्धि तालिम जस्ता विभिन्न तालिमहरू तालिमकेन्द्रमा मात्र सीमित नगरेर कक्षाकोठामा प्रयोग गरेमा प्रभावकारी कार्यन्वयन हुने देखिन्छ ।

### ४.३.५ शिक्षकप्रतिको सामाजिक दृष्टिकोण सुधार गर्ने

शिक्षण पेशामा शिक्षकको सन्तुष्टिमा देखिएका समस्याहरू समाधान गर्ने उपायका रूपमा शिक्षक प्रतिको सामाजिक दृष्टिकोण सुधार गर्ने रहेको छ । समाजमा शिक्षकलाई हेर्ने दृष्टिकोण र अन्य कर्मचारीलाई हेर्ने दृष्टिकोण फरक रहेको पाइयो । शिक्षकलाई पनि अन्य निजामति कर्मचारी सरह मान, सम्मान, इज्जत, प्रतिष्ठा समान वनाउन समाजका व्यक्ति अभिभावकहरूमा सकारात्मक सोचको विकास गराउनु पर्ने हुन्छ । समाजमा रहेको शिक्षकप्रतिको गलत धारणालाई परिवर्तन गर्नु पर्ने देखिन्छ । शिक्षकलाई राज्यले बालबालिकालाई असल नागरिक बनाउने जिम्मा दिएको छ, शिक्षक भनेको दक्ष जनशक्ति

उत्पादन गर्ने गुरू हो भन्ने सोज सबैमा हुनु आवश्यक छ । अनि मात्र शिक्षकप्रतिको सामाजिक दृष्टिकोण सुधार हुने देखिन्छ ।

### ४.३.६ पुरस्कार

पुरस्कार पनि शिक्षण पेशाप्रतिको समस्या समाधानको रूपमा रहेको छ । राम्रो काम गर्ने शिक्षकलाई पुरस्कार र नराम्रो काम गर्ने शिक्षकलाई दण्डको व्यवस्था हुनाले निर्धारित विषय र पाठ्यभार भन्दा वढि कक्षा लिने र समयमा कक्षा र विद्यालयमा आउने शिक्षकलाई पुरस्कार प्रदान गरेर उसका कार्यलाई उत्साहित गर्नु पर्ने हुन्छ यस्तो गरेमा शिक्षक पुरस्कार पाउने र अन्य शिक्षकको दृष्टिकोणमा असल बन्ने आसाले राम्रो कार्य गर्ने गर्दछन् । शिक्षकहरूमा पुरस्कार वितरण गर्दा उसका दक्षता, क्षमता, कार्य सम्पादन र मुल्याङ्कनका आधारमा न्यायपूर्ण वा न्याय संगत ढङ्गबाट पारदर्शिता अपनाई वितरण गरेको खण्डमा काम गर्दै जाँदा एकदिन पुरस्कृत हुने अपेक्षाका साथ कार्य प्रति सन्तुष्ट हुने वातावरण सिर्जना हुन सक्दछ ।

## ४.४ प्राप्ति तथा सारांश

### ४.४.१ प्राप्ति

शिक्षण पेशाप्रतिको शिक्षकको सन्तुष्टिको अवस्थाका सम्बन्धमा गरिएको व्याख्या विश्लेषणका प्राप्तिहरू हेर्दा नमुना विद्यालयमा अध्यापनरत शिक्षकको विवरणका आधारमा शिक्षा निकेतन मा.वि मा असन्तुष्ट हुने शिक्षकहरूको सङ्ख्या वढी रहेको पाइयो । पञ्चायत मा. वि.र मृगौलिया मा.वि मा सन्तुष्ट हुने शिक्षकको सङख्या र असन्तुष्ट हुने शिक्षकको सङख्या बरावर नै रहेको पाइयो । साजिलाल मा.वि.मा असन्तुष्ट हुने शिक्षकको सङ्ख्या भन्दा सन्तुष्ट हुने शिक्षकको सङ्ख्या बढी रहेको पाइयो । शिक्षण पेशाप्रति शिक्षकको दृष्टिकोणको आधारमा शिक्षण पेशामा शिक्षकहरूको सकारात्मक र नकारात्मक दुवै किसिमको दृष्टिकोण रहेको पाइयो । सकारात्मक दृष्टिकोण हुने शिक्षकले नकारात्मक तत्त्वको वास्ता नगरेको र नकरात्मक दृष्टिकोण भएको शिक्षकले सकारात्मक तत्त्वको वास्ता नगरेको पाइयो । सन्तुष्टि र असन्तुष्टिको अवस्थाका सम्बन्धमा शिक्षकहरू पुर्ण सन्तुष्ट र पूर्ण असन्तुष्टमा कम सङ्ख्या रहेको पाइयो । सन्तुष्ट र सामान्य सन्तुष्टमा सबैभन्दा वढि सङ्या रहेको पाइएको छ । तहगत आधारमा सन्तुष्टि र असन्तुष्टिको अवस्थाका सम्बन्धमा

आधारभुत तहको शिक्षकहरू बढि असन्तुष्टि रहने र माध्यमिक तहका शिक्षकहरू बढि सन्तुष्टि रहने पाइयो । नियुक्तिमा आधारमा सन्तुष्टि र असन्तुष्टिको अवस्थाका आधारमा अस्थायी शिक्षकहरू भन्दा स्थायी शिक्षकहरू नै बढी सन्तुष्ट रहेको पाइयो ।

शिक्षण पेशाप्रतिको शिक्षकको सन्तुष्टिका प्रभाव पार्ने तत्त्वहरूको सम्बन्धमा गरिएको व्याख्या विश्लेषणका प्राप्तिहरू हेर्दा सेवाको प्रवितिका आधारमा शिक्षण पेशाप्रति सन्तुष्ट हुने शिक्षकहरूको सङ्ख्या भन्दा असन्तुष्ट हुने शिक्षकको सङ्ख्या बढि रहेको पाइयो । तलव सुविधाका सम्वन्धमा सामुदायिक विद्यालयमा कार्यरत शिक्षक कर्मचारी र निजामति कर्मचारीको आधार तलवमान एउटै भएको तर निजामति कर्मचारीले मासिक तलब पाउने व्यवस्था रहेको र शिक्षक कर्मचारीले चौमासिक रूपमा मात्र तलव पाउने व्यवस्था रहेको पाइयो । एउटै विद्यालयमा स्थायी, अस्थायी, राहत, काज, करार शिक्षक रहेको र स्थायी शिक्षकलाई दिने सम्पूर्ण सुविधा अन्य प्रकारका शिक्षकहरूमा नदिएको पइयो । त्यसैगरी सरुवा र बढुवाको व्यख्या बिश्लेषणलाई हेर्दा स्थायी शिक्षकहरूले मात्र सरुवा र बढुवा हुने र अन्य शिक्षकहरूको सरुवा वढुवा नहुने व्यवस्था रहेको पाइयो । निजामति कर्मचारीको तह वढुवा हुने व्यवस्था र शिक्षकको श्रेणी वढुवा हुने व्यवस्थाले शिक्षण पेशातग सन्तुष्टिमा नकरात्मक प्रभाव परेको पाइयो । तालिमका सम्बन्धमा सम्पूर्ण स्थायी शिक्षकहरूले तालिम लिएको र  अन्य शिक्षकहरू मध्येबाट पनि तालिम नलिने शिक्षकको सङ्ख्या कम मात्र रहेको पाइयो । तालिम प्राप्त शिक्षकको सङ्ख्या तीन तिहाई भन्दा बढी रहे पनि विद्यार्थीको उपलब्धी भने निराशाजनक नै रहेको देखिएको छ । शिक्षकप्रतिको समाजिक दृष्टिकोणलाई हेर्दा अभिभावक समुदायले शिक्षकलाई हेर्ने दृष्टिकोण सकारात्मक र नकारात्मक दुवै रहेको पाइयो । शैक्षिक सामग्रीको प्रयोग र व्यवस्थापनले पनि शिक्षकको शिक्षकको पेशागत सन्तुष्टिमा सकारात्मक र नकारात्मक दुवै किसिमको प्रभाव परेको पाइयो ।

शिक्षण पेशाप्रतिको शिक्षकको सन्तुष्टिमा देखिएका समस्याहरू समाधानमा गरिएको व्यख्या विश्लेषणका प्राप्तिहरूहेर्दा निजामति कर्मचारी सरह शिक्षकलाई पनि बढुवा गर्नुपर्ने सम्बन्धमा शिक्षकलाई निजामति कर्मचरी सरह बढुवा नगरेको र श्रेणी बढुवा मात्र हुने व्यवस्था रहेकोले यस्तो असमानता हटाएर शिक्षकलाई पनि तह बढुवाको व्यवस्था राज्यले गर्नुपर्ने देखियो । स्थायी शिक्षक सरह अन्य शिक्षालाई सेवा सुविधा प्रदान गर्नुपर्ने सम्बन्धमा एउटै विद्यालयमा स्थायी शिक्षकलाई सरह अन्य शिक्षकलाई सेवा सुविधा नरहेकोले यस्तो असमानता हटाएर अन्य शिक्षकलाई पनि आफ्नो तह र श्रेणी अनुसार सुविधा प्रदान गर्नाले

शिक्षक आफ्नो पेशामा निरन्तरता दिई टिकिरहने अवस्था रहेको पाइयो । सैक्षिक सामग्री प्रयोग र व्यवस्थापनका सम्बन्धमा शैक्षिक सामग्री पुरानो पाठ्क्रममा आधारित रहेको र नयाँ नयाँ पाठ्क्रम, समय सान्धर्भिक प्रयोग र व्यवस्थापनमा सरताहुने शैक्षिक सामग्रीको व्यवस्था शिक्षण पेशाप्रति सन्तुष्ट हुने देखिन्छ । तालिमको प्रभावकारी रूपमा कार्यन्वयन गराउनु पर्ने सम्बन्धमा सम्पुर्ण शिक्षकलाई राज्यले तालिम प्रदान गरेता पनि प्रभावकारी रूपमा कार्यन्वयन नभएको पाइयो । तालिमलाई तालिमकेन्द्रमा मात्र सीमित नगरेर कक्षाकोठामा प्रयोग गरेमा प्रभावकारी कार्यन्वयन हुने पाइयो । शिक्षकप्रतिको सामाजिक दृष्टिकोणको सम्बन्धमा शिक्षकलाई निजामति कर्मचरी सरह इज्जत, मान, सम्मान नभएको र सामाजिक सुधार गर्नुपर्ने आवश्यकता रहेको पाइयो । पुरस्कारका सम्बन्धमा शिक्षकहरूमा राम्रो काम गर्ने शिक्षकलाई पुरस्कार र नराम्रो काम गर्ने शिक्षकलाई दण्डको व्यवस्था गर्नाले शिक्षक आफ्नो पेशाप्रति सन्तुष्ट हुने पाइयो ।

### ४.४.२ सारांश

शिक्षण पेशाप्रति शिक्षकको अवस्था अध्ययनमा शिक्षकहरू शिक्षण पेशाप्रति सन्तुष्ट रहेको पाइयो । शिक्षण पेशाप्रतिको शिक्षकहरूको दृष्टिकोण सकारात्मक र नकारात्मक दुवै किसिमको रहेको पाइयो । सन्तुष्टि र असन्तुष्टिको अवस्थामा शिक्षकहरूको पूर्ण सन्तुष्ट र पूर्ण असन्तुष्टमा कम सङ्ख्या रहेको पाइयो भने सन्तुष्ट र सामान्य सन्टतुष्टमा सबैभन्दा बढि सङ्ख्या रहेको पाइयो । तहगत आधारमा आधारमा आधारभूत तहका शिक्षकहरू भन्दा माध्यमिक तहका शिक्षकहरू वढि सन्तुष्ट रहेको पाइयो भने नियुक्तिका आधारमा अस्थायी भन्दा स्थायी शिक्षकहरू नै बढि सन्तुष्ट रहेको छन् । शिक्षण पेशागत सन्तुष्टिलाई प्रभाव पार्ने तत्त्वहरूमा सेवाको प्रवृतिमा असन्तुष्टि हुने तत्त्वहरू वढि रहेको र तलव सुविधामा नकरात्मक प्रभाव परेको पाइयो । सरुवा र वढुवाले नकारात्मक र सकारात्मक प्रभाव पारेको र सत प्रतिसत शिक्षकहरूले तालिम लिएको पाइयो । शिक्षक प्रतिको सामाजिक दृष्टिकोण र शैक्षिक सामग्रीको प्रयोग र व्यवस्थापनले शिक्षण पेशागत सन्तुष्टिमा सकारात्मक र नकारात्मक प्रभाव पारेको पाइयो । शिक्षकको पेशागत सन्तुष्टिमा देखिएका समस्याहरू समाधानकन उपायहरूमा निजामति कर्मचारी सरह शिक्षकलाई पनि बढुवा गर्नुपर्ने, स्थायी शिक्षक सरह अन्य शिक्षकलाई सेवा सुविधा प्रदान गर्नुपर्ने, शैक्षिक सामग्रीको प्रयोग र व्यवस्थापनमा सुधार गर्नुपर्ने, तालिमको प्रभावकारी रूपमा कार्यन्वयन गर्नुपर्ने,

शिक्षकहरूप्रतिको सामाजिक दृष्टिकोणमा सुधार गर्नुपर्ने र राम्रो काम गर्ने शिक्षकलाई पुरस्कार र नराम्रो काम गर्ने शिक्षकलाई दण्डको व्यवस्था गर्नाले पेशागत सन्तुष्टिमा वृद्धि हुने देखिन्छ ।

# परिच्छेद पाँचः निष्कर्ष र सुझाव

## ५.१ निष्कर्ष

माध्यमिक तहको शिक्षकहरूमा शिक्षण पेशाप्रति शिक्षकहरूको सन्तुष्टि सम्बन्धमा गरिएको अनुसन्धानबाट निम्न निष्कर्ष निकालिएको छ ।

शिक्षकहरूको शिक्षण पेशामा असन्तुष्ट हुने सङ्ख्या भन्दा सन्तुष्ट हुने सङ्ख्या बढी रहेको पाइयो । जसमा निजामति कर्मचारी सरह सेवा सुविधा प्रदान गराए आफ्नो पेशामा सन्तुष्ट रहने अवस्था पाइयो । नमुना शिक्षकहरू मध्ये सन्तुष्ट हुने शिक्षकहरूको प्रतिशत ६२.५० रहेको छ भने असन्तुष्ट हुने शिक्षकहरू ३७.५० प्रतिशत रहेको पाइयो । शिक्षण पेशाप्रति शिक्षकले हेर्ने दृष्टिकोण सकारात्मक र नकारात्मक रहेको पाइयो । सकारात्क मान्ने शिक्षकले नकारात्मक पक्षलाई वास्ता नगरेको र नकारात्मक मान्ने शिक्षकले सकारात्मक पक्षको वास्ता नगरेको पाइयो । सन्तुष्टि र असन्तुष्टिको अवस्थाप्रतिको शिक्षकहरूको धारणमा पुर्ण सन्तुष्ट १८.७५ प्रतिशत, सन्तुष्ट ३५० प्रतिशत, सामान्य सन्तुष्ट २६८.७५ प्रतिशत, असन्तुष्टि ११८.७५ प्रतिशत र पूर्ण असन्तुष्ट ३७.५ प्रतिशत रहेको पाइयो । तहगत आधारलाई हेर्दा माध्यमिक र आधारभूत तहमध्ये माध्यमिक तहका शिक्षकहरू बढी सन्तुष्ट रहेको पाइयो । आधारभूत तहका शिक्षकहरू बालबालिकाहरूसँग मात्र रमाउनु पर्ने तर माध्यमिक तहका शिक्षकहरूले ट्यूसन क्याम्पस पढाउन पाउने भएकाले माध्यमिक तहका शिक्षकहरू बढि सन्तुष्ट रहेका छन् । नियुक्तिका आधारमा स्थायी शिक्षकहरू ७५ प्रतिसत सेवा सुविधा पाएर सन्तुष्ट छन् भने अस्थायी शिक्षकहरू २५ प्रतिसत सेवा सुविधा पाएर असन्तुष्ट रहेको पाइयो ।

शिक्षण पेशागत सन्तुष्टिलाई प्रभाव पार्ने तत्त्वहरूमा सेवाको प्रवितिमा सन्तुष्ट हुने तत्त्वहरू भन्दा असन्तुष्ट हुने तत्त्वहरू बढी रहेको पाइयो । तलव सुबिधामा शिक्षक र निजामति कर्मचारीको आधार तलवमान एउटै रहेको तर सेवा सुबिधामा फरक रहेको पाइयो । राज्यले शिक्षकलाई चौमासिक तलव दिने र निजामति कर्मचारीलाई मासिक रूपमा तलव दिने व्यवस्था रहेकोले शिक्षक आफ्नो पेशामा असन्तुष्टि रहेको पाइयो । सरुवा र वढुवाको सुविधा पनि स्थायी शिक्षकले मात्र पाउने अन्य शिक्षकहरूले नपाउने व्यवस्थाले शिक्षक निराशाजनक रहेका छन् । सरुवा र बढुवा हुन पनि एउटै विद्यालयमा ५ वर्ष कार्यरत हुनुपर्ने व्यवस्था भएकाले शिक्षक असन्तुष्ट रहेको पाइयो । अधिकाशं शिक्षकहरू

तालिमप्राप्त रहेको पाइयो । नमुना शिक्षकहरू मध्ये ८१.२५ प्रतिसत शिक्षकहरू तालिम प्राप्त र १८.७५ प्रतिसत शिक्षकहरू तालिम अप्राप्त रहेको पाइयो । प्रभावकारी शिक्षण गर्न तालिमको मुख्य भुमिका रहन्छ । शिक्षकलाई हेर्ने सामाजिक दृष्टिकोण सकारात्मक र नकारात्मक दुवै रहेको पाइयो । शिक्षकलाई समुदाय र अभिभावकले निजामति कर्मचारी सरह नहेरेको भन्ने गुनासो शिक्षकको रहेको पाइयो । शैक्षिक सामग्रीको प्रयोग र व्यवस्थापनमा शिक्षकको सकारात्मक र नकारात्मक प्रभाव पारेको देखिन्छ । शिक्षकको पेशागत सन्तुष्टिमा देखिएका समस्याहरू समाधानका उपायहरू निजामति कर्मचारी सरह शिक्षकलाई पनि तहगत वढुवा गर्नु पर्ने रहेको छ । स्थायी शिक्षक सरह अन्य शिक्षकलाई सेवा सुविधा नभएकोले शिक्षक आफ्नो पेशामा असन्तुष्ट रहेको पाइयो । शैक्षिक सामग्री रहेको तर पुराना पुरानो पाठ्यमक्रममा आधारित रहेको पाइयो । नयाँ प्रविधि पाठ्यक्रमसँग सम्बन्धित र प्रयोग व्यवस्थापनमा सरलता हुने शैक्षिक सामग्रीको आवश्यकता रहेको छ । तालिम पनि तालिम केन्द्रमा मात्र सीमित रहेको छ । अधिकांश शिक्षकहरू तालिम प्राप्त भएपनि तालिम कक्षाकोठामा कार्यन्वयन हुन सकेको छैन । शिक्षकहरूले शिक्षण पेशामा बढी लगनशील कम लगनशील छुट्याई पुरस्कार र दण्डको व्यवस्था भएमा तालिमको प्रभावकारी रूपमा कार्यन्वयन हुने पाइयो । अनुसन्धानका क्रममा प्राप्त तथ्याङ्क अनुसार शिक्षण पेशामा शिक्षकहरूसन्तुष्ट रहेको पाइयो ।

## ५.२ सुझावहरू

अध्ययनको क्रममा देखिएका शिक्षण पेशासँग सम्बन्धित विभिन्न समस्याहरू औंल्याई सुझावको रूपमा समग्रमा प्रस्तुत गरिएको छ ।

### ५.२.१ नीतिगत तह

शिक्षा क्षेत्रसँग सम्बन्ध राख्ने विभिन्न निकायहरू शिक्षा मन्त्रालय, शिक्षा विभाग, पाठ्यक्रम विकास केद्र, शैक्षिक जनशक्ति विकास केन्द्र, परीक्षा नियन्त्रण कार्यलय लगायत सम्पूर्ण निकायहरू साथै नीति निर्माणकर्ताहरूले नीति नियम निर्माण र सुधार गरी विद्यालयको शैक्षिक स्तर वृद्धि गर्न आवश्यक छ । जसका लागि निम्नलिखित सुझावहरू प्रस्तुत गरिएको छ

शिक्षकहरूलाई अन्य पेशा सरह पारिश्रमिक र सुविधा प्रदान गर्नु पर्दछ। निरिक्षण र अनुगमन प्रक्रियालाई निरन्तरता दिनु पर्दछ। राजनैतिक वातावरण र शैक्षिक संस्थालाई अलग्गै रहने वातावरण निर्माण गर्न ध्यान पुऱ्याउनु पर्दछ। सरकारी तथा निजी विद्यालयहरूको व्यवस्थापन तथा सञ्चालन प्रक्रियामा एकरूपता कायम गर्नुपर्दछ जसले गर्दा शैक्षिक पेशागत सन्तुष्टिमा सहयोग पुग्दछ।

## ५.२.२ अभ्यास तहका लागि सुझाव

प्रशासनिक निकाय र नीति निर्माणकर्ताहरूले निर्माण गरेका नीतिको सही कार्यन्वयन भएमा मात्र त्यसको सार्थकता रहन्छ। यसमा विद्यालय प्रशासन र शिक्षकहरूको महत्त्वपूर्ण भुमिका रहन्छ। विद्यालयको वातावरण र कक्षाकोठा नै त्यसको कार्यन्वयन थलो हो। अनुसन्धानमा विद्यालयको वातावरण र कक्षा कोठालाई नै प्रयोगात्मक तहका रूपमा लिइएको छ

शिक्षकहरूलाई आफ्नो पेशाप्रति सन्तुष्टि प्रदान गर्न विद्यालयमा पाठ्यक्रम र शिक्षक निर्देशिका जस्ता सामग्रीहरू समयमै उपलब्ध गराउनु पर्दछ। शिक्षकलाई नयाँ नयाँ प्रविधिको ज्ञान र पाठ्यक्रम प्रबोधिकरण तालिमको पऱ्याप्त व्यवस्था गर्नुपर्दछ। शिक्षक पेशाप्रति जागरूप, निस्ठावान, कर्तव्यनिष्ठ र जिम्मेवार बन्नु पर्दछ।

## ५.२.३ अनुसन्धान तहका लागि सुझाव

यस अनुसन्धानमा अध्ययनका लागि निम्न सुझावहरू प्रस्तुत गरिएको छ।

शिक्षक आफ्नो पेशाप्रति असन्तुष्ट हुनुका कारण पत्ता लगाई पेशागत समस्या समाधानमा ध्यान दिन जरुरी छ। राज्यले शिक्षकका सम्वन्धमा चासो राखी सन्तुष्टि प्रदान गर्ने सेवा सुविधा उपलब्ध गराउन आवश्यक छ। शिक्षकको पेशागत सन्तुष्टिका लागि जिल्ला शिक्षा कार्यलय, स्रोत व्यक्ति, विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक र शिक्षकहरू बीच समय समयमा बैठक व्यवस्थापन गरी शिक्षकको सन्तुष्टिमा आवश्यक सेवा सुविधामा जोड दिनु पर्दछ।

# *सन्दर्भ ग्रन्थ*

*अधिकारी, विष्णुप्रसाद (२०७०), निम्न माध्यमिक शिक्षक दिग्दर्शन, काठमाडौँ: अनिष बुक्स हाउस प्रा.लि. ।*

थापा,तारावहादुर (२०६८), *शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार,* काठमाडौँ: सनलाइट ।

नेपाल सरकार (२०७२), *शिक्षा ऐन २०२८ आठौँ संसोधन र शिक्षा नियमावली २०५९,* काठमाडौँ: लेखक ।

नेपाल सरकार (२०७४), *शिक्षा ऐन २०२८ नवौँ संसोधन र शिक्षा नियमावली २०५९,* काठमाडौँ: लेखक ।

*भट्टराई, केशवराज (२०७०), शिक्षाको दर्शनशास्त्रीय र समाजशास्त्रीय आधार,काठमाडौँ : जुपिटर पब्लिसर्स एण्ड डिस्टिव्युटर्स ।*

शर्मा, वसन्तकुमार (२०६२), *नेपाली शब्दसागर (सोपपत्तिक कोश),* काठमाडौँ : भाभा पुस्तक भण्डार ।

*शर्मा, चिरञ्जीवी र शर्मा, निर्मला (२०५३), शिक्षाको समाजशास्त्रीय तथा दर्शनशास्त्रीयआधार, काठमाडौँ : एम.के.पब्लिसर्स एण्ड डिष्ट्रिव्यूटर्स ।*

*शर्मा, कुवेरनाथ (२०६६),नेपालका शिक्षा आयोगका प्रतिवेदनहरू,काठमाडौँ : मकालु प्रकाशन ।*

*शर्मा, गोपीनाथ (२०५७), नेपालको शैक्षिक इतिहास,काठमाडौँ : मकालु प्रकासन गृह ।*

सिंह, हृदयवीर (२०७२), *सङ्गठनात्मक व्यवहार तथा मानव संसाधन व्यवस्थापन,* काठमाडौँ : अस्मिता बुक्स पब्लिसर्स एण्ड डिष्ट्रिब्युटर्स प्रा.लि. ।

*हाडा, भूपेन्द्र (२०५५), गुणात्मक शिक्षणमा शिक्षकको पेशागत दायित्व, काठमाडौँ शैक्षिक विकास तथा अनुसन्धान केन्द्र ।*

श्रेष्ठ, प्रकास (२०७२), *संगठनात्मक व्यवहार, काठमाडौं :* सम्झना पब्लिकेशन प्रा. लि. ।

*Agrawal, c.(1995).Essentials of education technology teaching learning innovation ineducation.New Delhi: Vikash publishing houses Pvt.ltd.*

Robbins,s.p.& sanghi, s. (2006 AD). *Organization behaviour (11th ed ).* New Delhi:pearson education.

Griffin, R . W. (2005).*Management (8 th ed.)* . New Delhi: Biztantra.

Robbins,P coulter, & vohra, (2010 AD ).*Management (10 th ed )* .New Delhi: Pearson.

# शिक्षकहरूको शिक्षण पेशाप्रतिको सन्तुष्टि

## अनुसूची  ग : प्र.अ.का लागि अन्तर्वार्ता प्रश्नावली

(१) तपाईंको विद्यालयमा कति जना शिक्षक हुनुहुन्छ ?

.............................................. .................................... ..........

२) कुन कुन प्रकृतिका शिक्षकहरू शिक्षकहरू हुनुहुन्छ ?

| क्र. स. | शिक्षकको विवरण | सङ्ख्या | कैफियत |
|---|---|---|---|
| १ | महिला | | |
| २ | पुरूष | | |
| ३ | तालिम प्राप्त | | |
| ४ | तालिम अप्राप्त | | |
| ५ | स्थाई | | |
| ६ | अस्थाई | | |
| ७ | निजि | | |
| ८ | साङ्ग | | |
| ९ | अपाङ्ग | | |
| १० | एस्. एल. सी. | | |
| ११ | दश जोड दुई | | |
| १२ | स्नातक तह | | |
| १३ | स्नातकोत्तर | | |

(३) तपाईंले शिक्षकलाई दिएको जिम्मेवारीलाई शिक्षकहरूले कतिको वफदार रूपमा सम्पन्न गर्छन्?

................................. .............................. ......................... .....

................................ ............................... ......................... ......

(४) तपाईं शिक्षण पेशामा लाग्नुभएको कति वर्ष भयो ?

.............................. ..................................... ................................

(५) शिक्षण पेशामा पाउने बिदा प्रति तपाई सन्तुष्ट हुनुहुन्छ ?/हुनुहुन्न ? कारण वताउनुहोस् ।

.............................. ........................... .......................... ........................

.............................. ............................ .......................... ........................

(६) शिक्षण सँग सम्बन्धित कुनै तालिम लिनु भएको छ ?

...................................... ............................. .................................

............................... ................................. ...................................

(७) तपाईको विद्यालयमा शिक्षकलाईृ गरिने मुल्याङ्नप्रति आफ्नो दृष्टिकोण कस्तो छ ?

............................ ............................. .............................. ............

............................ ............................. .............................. ..........

(८) शिक्षण पेशामा रहदा तपाइले आफ्नो असल कार्यप्रति कुनै पुरस्कार प्राप्त गर्नु भएको छ ?

............................... ................................ ............................... .........

................................ ................................. ............................. ...........

(९) शिक्षकहरू आफ्नो पेशा प्रति कस्तो धारणा राख्दछन् ?

.......................... ................................. ................................... ...........

............................ .............................. ................................... .............

(१०) तपाईंका शिक्षकहरू मुख्यगरी के के विषयमा सन्तुष्टि छन् ?

.......................... ............................... ................................ .................

......................... ................................. .................................. .................

(११) तपाईंका शिक्षकहरू विशेष गरी के मा सन्तुष्ट रहेका छन् ?

......................... ................................ .................................. ..............

......................... ................................ .................................. ...............

(१२) सवै भन्दा वढि सन्तुष्टिको विषय के हो ?

......................... ............................... .................................. ............

........................... ............................. ................................. ............

(१३) तपाईंका शिक्षकहरूमा शिक्षण पेशा प्रतिको लगनशीलता कस्तो छ ?

........................... ............................ .................................. ..............

........................... ............................ .................................. ..............

(१४) उनीहरू विशेष के विषय प्रति वढि नकारात्मक धारणा राख्दछन् ?

........................ .......................... .............................. .............

....................... .......................... .............................. ...............

(१५) शिक्षकले प्राप्त गर्ने सेवा सुविधा प्रति कस्तो दृष्टिकोण राख्दछन् ?

...................... .......................... .............................. ...................

...................... .......................... ................................. ..................

(१६) शिक्षण पेशामा शिक्षकहरूको रूची कस्तो पाउनु भएको छ ?

...................... .......................... ............................. ................

....................... ......................... ............................. ................

(१७) तपाई प्र.अ. भएको नाताले भावि पुस्तालाई कस्तो सल्लाह दिनुहुन्छ ?

...................... ........................... ............................. .................

...................... ........................... ............................. ..................

# शिक्षकहरूको शिक्षण पेशाप्रतिको सन्तुष्टि

## अनुसूचि - घ : शिक्षकहरूका लागि अन्तर्वार्ता प्रश्नावलि

(१) तपाई शिक्षण पेशामा लाग्नुभएको कति बर्ष भयो ?

........................ ............................ .......................... ...............................

(२) तपाईको शिक्षण पेशाप्रतिको दृष्टिकोण कस्तो छ ?

....................... ............................ ............................ ...............................

....................... ............................. ............................. ...........................

(३) तपाईको शिक्षण पेशाप्रतिको रूचि कस्तो छ ?

....................... ............................ ............................ .......................

....................... ............................. ............................. .........................

(४) तपाई आफ्नो पेशामा पाउने सेवा सुविधा र पारिश्रमिकमा सन्तुष्ट हुनुहुन्छ ?

| पुर्ण सन्तुष्ट | सन्तुष्ट | सामान्य सन्तुष्ट | असन्तुष्ट | पूर्ण असन्तुष्ट |
|---|---|---|---|---|
| | | | | |

(५) सामाजिकदृष्टिकोणले तपाईलाई शिक्षण पेशा कस्तो लाग्छ ?

........................ .......................... ............................ ...............................

......................... ........................... ............................ ............................

(६) आर्थिक दृष्टिकोणले तपाईलाई शिक्षण पेशा कस्तो लाग्छ ?

......................... ......................... .......................... ..................................

........................... ......................... .......................... ..........................

(७) शैक्षिक दृष्टिकोणले तपाईलाई शिक्षण पेशा कस्तो लाग्छ ?

........................... ........................ ........................... ................................

............................ ......................... .......................... ...........................

(८) मर्यादा दृष्टिकोणले तपाईलाई शिक्षण पेशा कस्तो लाग्छ ?

............................ ........................ ............................. ..............................

............................... ......................... .......................... ............................

(९) शिक्षण पेशामा पाउने बिदा प्रति तपाई सन्तुष्ट हुनुहुन्छ ?/हुनुहुन्न ? कारण वताउनुहोस् ।

.............................. ........................... .......................... ...........................

.............................. ............................ .......................... ............................

(१०) शिक्षण सँग सम्बन्धित कुनै तालिम लिनु भएको छ ?

...................................... ............................. ................................... .........

............................... ................................. .................................... ............

(११) तपाईको विद्यालयमा शिक्षकलाईृ गरिने मुल्याङ्नप्रति आफ्नो दृष्टिकोण कस्तो छ ?

............................ ............................. ............................... ......................

............................ ............................. ............................... ........................

(१२) शिक्षण पेशामा रहदा तपाइले आफ्नो असल कार्यप्रति कुनै पुरस्कार प्राप्त गर्नु भएको छ ?

............................... ................................. ............................... ...............

................................ ................................. ............................ ................

(१३) तपाई आफ्नो छोरा छोरीलाई के बन्न सल्लाह दिनुहुन्छ ?

............................. ......................... ................................. .......................

............................. ............................ ............................... ...................

(१४) शिक्षण पेशा र अन्य पेशामा के फरक देख्नु भएको छ ?

............................ ............................. .............................. ......................

............................. ............................... ............................ ....................

(१५) शिक्षण पेशामा सम्लग्न हुँदा तपाईले कस्ता कस्ता समस्याहरू भोग्नुभयो ?

............................ ............................... ............................... ....................

............................. .................................. .............................. ...................

(१६) तपाईले शिक्षण पेशानै रोज्नुको कारण के हो ?

............................ ................................. ............................. .....................

........................... .................................... ............................... .....................

(१७) शिक्षक असन्तुष्टिको समस्या समाधान गर्ने उपायहरू के के हुन् ?

.............................. ............................... ..................................... ..............

............................... ............................... .................................... .............

# शिक्षकहरूको शिक्षण पेशाप्रतिको सन्तुष्टि

## अनुसूचि - ङ : महिला शिक्षकलाई प्रश्नावली

(१) तपाईले कहिले शिक्षण पेशामा प्रवेश गर्नुभयो ?

...................... ...................... ...................... ........................

(२) तपाईलाई शिक्षण पेशा कस्तो लाग्छ ?

...................... ........................ ........................ ........................

...................... ........................... ............................ ......................

(३) तपाइले शिक्षण पेशा नै रोज्नुको कारण के हो ?

....................... ........................ ........................ ........................

....................... ......................... ........................ .......................

(४) तपाईलाई बालबालिका र अभिभावकले कस्तो व्यवहार गर्नु हुन्छ ?

....................... ......................... ........................ ........................

....................... .......................... ........................ .........................

(५) तपाई आफ्नो पेशामासन्तुष्ट हुनुहुन्छ / हुनुहुन्न ? कारण वताउन्होस्

....................... ......................... ......................... ........................

......................... ....................... ......................... ........................

(६) सामाजिक दृष्टिकोणले तपाईलाई शिक्षण पेशा कस्तो लाग्छ ?

....................... ......................... ........................... ..............................

........................ ........................... ........................... ............................

(७) आर्थिक दृष्टिकोणले तपाईलाई शिक्षण पेशा कस्तो लाग्छ ?

........................ ........................ .......................... ................................

.......................... ......................... ......................... ....................

(८) शैक्षिक दृष्टिकोणले तपाईलाई शिक्षण पेशा कस्तो लाग्छ ?

.......................... ....................... ........................... ................................

............................ ........................ ......................... .......................

(९) मर्यादा दृष्टिकोणले तपाईलाई शिक्षण पेशा कस्तो लाग्छ ?

.......................... ....................... ............................ .......................

.............................. ......................... ......................... ....................

(१०) शिक्षण पेशामा पाउने बिदा प्रति तपाई सन्तुष्ट हुनुहुन्छ ?/हुनुहुन्न ? कारण वताउनुहोस् ।

.............................. ........................... .......................... ......................

............................. ............................ .......................... ...........................

(११) शिक्षण सँग सम्बन्धित कुनै तालिम लिनु भएको छ ?

..................................... ............................. .................................. ...........

.............................. ................................ .................................. ............

(१२) तपाईको विद्यालयमा शिक्षकलाईृ गरिने मुल्याङ्नप्रति आफ्नो दृष्टिकोण कस्तो छ ?

............................ ............................. ............................. ...................

............................ ............................. ............................. .......................

(१३) शिक्षण पेशामा रहदा तपाइले आफ्नो असल कार्यप्रति कुनै पुरस्कार प्राप्त गर्नु भएको छ ?

............................... ............................... ............................... ...............

................................ ................................ ............................ .................

(१४) शिक्षण पेशाप्रति महिलाहरूको दृष्टिकोण सकारात्मक बनाउन के गर्नुपर्ला ?

........................ ........................... ........................... .........................

......................... ............................ ............................ .......................

(१५) शिक्षण पेशामा संलग्न हुँदा भोग्नु परेका समस्याहरू के के हुन् ?

........................ ........................... ......................... ............................

......................... ........................... ......................... ............................

(१६) तपाईले शिक्षण पेशामा भोग्नु परेका समस्या समाधानकालागि प्र. अ.को भुमिका कस्तो छ ?

........................ ......................... ........................... ...........................

........................ ......................... ............................. ...........................

(१७) तपाई महिला शिक्षक भएको नाताले भावी पुस्तालाई कस्तो सल्लाह दिनुहुन्छ ?

.......................... ................................. ........................... .................

# शिक्षकहरूको शिक्षण पेशाप्रतिको सन्तुष्टि

## अनुसूचि - च : शिक्षकहरूका लागि अन्तर्क्रिया तथा छलफल निर्देशिका

(क) शिक्षकहरूको पेशागत अवस्था :

१. प्र.अ. र शिक्षकहरू बीचको सम्बन्ध ।

२.पुरूष शिक्षक र महिला शिक्षक बीच भेदभाव ।

३. आफ्नो पेशामा जिम्मेवारी वहन ।

४. महिलाको सहभागिताको अवस्था ।

५. शिक्षण पेशाप्रतिको दृष्टिकोण ।

६. शिक्षकको पेशागत रूचि ।

७. शिक्षण पेशामा बढि को को सन्तुष्ट ।

८. शिक्षण पेशामा बढि को को असन्तुष्ट ।

(ख) शिक्षण पेशालाई प्रभाव पार्ने तत्त्व :

१. घरपाएक / घरदेखि टाढा शेवा क्षेत्र ।

२. भौतिक पूर्वाधारको पर्याप्तता ।

३. उपयुक्त तलव ।

४. समाजले हेर्ने दृष्टिकोण ।

५. विद्यालयबाट पाउने सेवा सुविधा ।

६. शिक्षण पेशामा पाउने विदा ।

७. सामाजिक मान सम्मान ।

८. आफ्नो पेशाको आम्दानि ।

९. शिक्षकलाई गरिने मुल्याङ्कन ।

(ग) शिक्षण पेशामा देखिएका समस्या :

१. समय सापेक्ष तालिम ।

२. समय, स्रोत र साधनको उपयुक्तता ।

३. शिक्षण पेशा मात्र वा अन्य पेशा पनि ।

४. आफ्नो तलव र वार्षिक वृदिदरमा सन्तुष्टिको अवस्था ।

५. सन्तुष्ट हुने कारण ।

६. असन्तुष्ट हुने कारण ।

७. अभिभावकको कुनै गुनासो ।

८. पारिवारिक समस्या ।

(घ) समस्या समाधानका उपाय :

१. अभिभावकको सहयोग ।

२. प्र. अ. को सहयोग ।

३.शिक्षक असन्तुष्टिको समस्या समाधन गर्ने उपाय ।

३. समस्या सामाधानमा आफुले खेलेको भुमिका ।

४. आफ्नो समस्यामा परिवारको सहयोग ।

५. शिक्षण बाहेक अन्य पेशामा पनि आबद्ध ।

६. परिवारको